# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ४९ | काठमाडौं | बिहीबार, २८ जेठ २०८३ | Prabhab National Daily | Thursday, 11 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


आर्थिक विधेयकमा अर्थमन्त्रीको 'चलखेल'

# गल्ती लुकाउन ऐनकै अपव्याख्या

■ प्रभाव संवाददाता

**काठमाडौं–** आर्थिक वर्ष २०८३/८४ को बजेटसँगै प्रस्तुत गरिएको आर्थिक विधेयकमा त्रुटि लुकाउन अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले पटक-पटक संशोधन गरे। कहिले त अर्थ मन्त्रालयको वेबसाइटबाटै गायब बनाइदिए विधेयक।

यही विषयमा बुधबार प्रतिनिधिसभाअन्तर्गतको अर्थ समिति र सार्वजनिक लेखा समितिमा अर्थमन्त्री वाग्ले सांसदहरूको प्रश्नबाट घेरिए। अर्थ समितिका सदस्य एमाले सांसद डा. पुष्पराज कँडेलले यसरी परिवर्तन गर्नुको जवाफ खोजे। '१५ गते बजेट पेस भएपछि हामीले दुई वटा विधेयक पायौं। चारपटक परिवर्तन भए। एउटा ४६१ पेजको, अर्को ४५७ पेजको र अर्को ४४८ पेजको त मैले नै पाएँ। एक दिन त अर्थको वेबसाइटमै विधेयक थिएन,' कँडेलले प्रश्न गरे।

अर्थमन्त्री वाग्लेले करको दर नै हेरफेर गरेपछि संसदमासमेत यो विषयमा प्रश्न उठ्यो। तर अर्थमन्त्री वाग्ले भने आफ्नो कुनै गल्ती नभएको भन्दै बचाउमा उत्रिए। उनले केही कोलमहरू घटाउँदा पेज घटेको दाबी गर्दै सञ्चारकर्मीलाई 'माइक्रोसफ्ट वर्ड' चलाउन सिक्नसमेत आग्रह गरे। 'नेपालका पत्रकारले माइक्रोसफ्ट वर्ड चलाउन सक्छन् कि सक्दैनन् मलाई थाहा भएन। ४५०-४६० पानाको डकुमेन्टमा धेरै ठाउँमा कोलमहरूका प्रयोग भएका छन्। ती कोलमहरू अलिकति एक मिलिमिटर मात्र तान्ने हो भने १५ देखि २० पाना तलमाथि हुन्छ। घरमा छोराछोरीलाई सोध्दा हुन्छ,' अर्थमन्त्री वाग्लेले भने।



## संसदीय समितिमा अर्थमन्त्रीको जवाफ

- रगत वा भ्याक्सिन बोक्ने क्यारियरकोमात्र भन्सार दर परिवर्तन भएको हो
- आर्थिक विधेयकमा भाषागत स्पष्टता, केही छुटेका कुराहरु मात्र संशोधन गरिएको छ
- सुशासनमा असाध्यै निर्मम ढंगले अघि बढेकोलाई हिलो छ्याप्ने काम भयो
- करका दर जुनसुकै बेला हेरफेर गर्ने अधिकार सरकारसँग सुरक्षित छ
- राजस्व र करका विषयमा सूचना चुहावटको विषयमा एकदम फितलो र खुद्रे टिप्पणी गरियो

### करको दर हेरफेरबारे ऐनकै अपव्याख्या

अर्थमन्त्री वाग्लेले करको दरसमेत हेरफेर गरे। २०७९ सालमा बजेट ल्याउँदा त्यतिबेला अर्थमन्त्री रहेका जनार्दन शर्माको झल्को दिनेगरी वाग्लेले करको दर हेरफेर गरेका हुन्। यस विषयमा आलोचना बढेपछि पूर्ववर्ती सरकारलेसमेत करको दर हेरफेर गरेको भन्दै वाग्ले पन्छिन खोजे।

'सार्वजनिक आर्थिक विधेयकमा भाषागत स्पष्टता, केही छुटेका कुराहरू मात्र संशोधन गरिएका छन्। तर, हप्ताभरि पत्रिकाहरूले उछालेर, के के न भएको जसरी अर्थमन्त्री स्वर्णिम वाग्ले अर्थ मन्त्रालयमा बस्या छ, कुटुकुटु करका दर चलाएको छ भन्नेजस्तो भ्रम सिर्जना गरेका छन्,' उनले भने, 'गत वर्ष नेकपा एमाले र नेपाली कांग्रेसको सरकारले विनियोजित बजेटका ७३ वटा बुँदा सच्याएको छ।

क्रमशः पृष्ठ २ मा

# विपक्षी लचक बनेपछि हटयो संसद्को अवरोध

## प्रधानमन्त्री शाहले मागेनन् माफी, प्रधानमन्त्रीको भनाइ 'क्रस बोर्डर अकुपेन्सन' सम्बन्धी भएको परराष्ट्रमन्त्रीको दाबी

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहको सीमासम्बन्धी विवादास्पद अभिव्यक्तिलाई लिएर झण्डै दुई साताదेखि जारी संसद्को गतिरोध बुधबार अन्त्य भएको छ। प्रधानमन्त्री संसद्मा उपस्थित भएर माफी माग्नुपर्ने अडान लिएका विपक्षी दलहरू अन्ततः लचक बन्दै संसद् सञ्चालन गर्न सहमत भएका हुन्। यससँगै प्रधानमन्त्रीको माफीविनै संसद्मा विपक्षीको अवरोध हटेको छ।

गत १७ जेठमा प्रतिनिधिसभा बैठकमा आकस्मिकरूपमा उपस्थित भएर सांसदको प्रश्न लिएका प्रधानमन्त्री शाहले नेपालले पनि भारतको भूमि विभिन्न स्थानमा मिचेको थाहा पाएर आफूलाई अचम्म लागेको अभिव्यक्ति दिएका थिए। प्रधानमन्त्रीको उक्त भनाइ सार्वजनिक भएलगत्तै राजनीतिक वृत्त तरंगित बनेको थियो। विपक्षी दलहरूले अभिव्यक्तिलाई राष्ट्रघाती, अप्रमाणित र गैरजिम्मेवार भन्दै प्रधानमन्त्रीले संसद्बाटै क्षमायाचना गर्नुपर्ने माग गरेका थिए।

विवाद चर्किंदै जाँदा प्रतिनिधिसभाको बैठक पटक-पटक प्रभावित भयो। विपक्षी दलहरूले प्रधानमन्त्रीले माफी नमागेसम्म सदन सहजरूपमा चल्न नदिने चेतावनी दिएका थिए। प्रधानमन्त्री शाह भने त्यसका लागि तयार भएनन्। बरू सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले सर्वदलीय बैठक राखेर संसद् खुलाउने प्रयास गरे। उनले सर्वदलीय बैठकमा प्रधानमन्त्रीको सट्टा परराष्ट्रमन्त्रीले जवाफ दिने र आवश्यक परे आफूले पनि थप प्रस्ट पार्ने बताएका थिए। तर, विपक्षी दलहरूले प्रधानमन्त्रीकै उपस्थिति खोजिरहयो।



"प्रधानमन्त्रीले संसदीय प्रणाली र संसद्को गरिमालाई निरन्तर अवमूल्यन गर्नुभयो । पटक-पटक सदनमा उपस्थित हुन आग्रह गर्दा पनि बेवास्ता गर्नुभयो । मेरो देशको प्रधानमन्त्रीलाई म अब सदनमा खोज्दिनँ ।

■ **भीष्मराज आङ्देम्बे**
कांग्रेस संसदीय दलका नेता



"नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा 'फिक्स्ड बाउण्ड्री प्रिन्सिपल' अवलम्बन गरिएकोले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भू-भागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था रहेको छ ।

■ **शिशिर खनाल**
परराष्ट्रमन्त्री

यसबीच संसद् लामो समयसम्म अवरुद्ध रहँदा विपक्षी दलहरू स्वयं दबाबमा पर्न थाले। बजेटमाथिको छलफल प्रभावित भएको, कानुन निर्माण प्रक्रिया रोकिएको, जनताका सरोकारका विषय ओझेलमा परेको र संसद्लाई अनिश्चितकालसम्म बन्धक बनाएको आरोप विपक्षीहरूमाथिसमेत लाग्न थाल्यो। यही परिस्थितिले अन्ततः विपक्षी दलहरूलाई नयाँ रणनीति अपनाउन बाध्य बनाएको प्रतिपक्षी दलका एक सांसदले बताए।

ती सांसदका अनुसार बुधबार बिहान विपक्षी दलहरूबीच भएको छलफलमा संसद् खुलाउने विषयमा गम्भीर बहस भएको थियो। प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले संसद् अनिश्चितकालसम्म अवरुद्ध राख्नु उचित नहुने धारणा राखेका थिए। संसद् बन्द रहँदा सरकारमाथिको राजनीतिक दबावभन्दा विपक्षीहरूमाथिको आलोचना बढ्न थालेको निष्कर्षमा नेताहरू पुगेका थिए।

त्यसपछि विपक्षी दलहरूले केही सर्तसहित निकास खोज्ने प्रयास गरे। संसद् भवनमा बसेको सर्वदलीय बैठकमा उनीहरूले चार प्रस्ताव अघि सारे। प्रधानमन्त्रीको संसद्मा अनिवार्य उपस्थिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट क्षमायाचनासहितको वक्तव्य, त्यस्तो वक्तव्य परराष्ट्रमन्त्रीमार्फत प्रस्तुत गरिए विपक्षीको सहमति आवश्यक हुने तथा संसद्को अभिलेखबाट प्रधानमन्त्रीको विवादित अभिव्यक्ति हटाउनुपर्ने माग विपक्षीले राखेका थिए।

तर, सत्तापक्ष विपक्षीका कुनै पनि प्रस्ताव स्वीकार्न तयार भएन। लामो छलफलपछि पनि सहमति नजुटेपछि विपक्षीहरू थप दबाब सिर्जना गर्ने अवस्थामा देखिएनन्। अन्ततः उनीहरूले आफ्ना असहमति संसद्मै अभिलेख गराएर बैठक सञ्चालन हुन दिने निर्णय लिए।

बुधबारको प्रतिनिधिसभा बैठकमा परराष्ट्रमन्त्री शिखिर खनालले सरकारको धारणा प्रस्तुत गरे। उनले आफ्नो हालैको भारत भ्रमण, सीमा समस्याबारे भएका कूटनीतिक संवाद र दुई देशबीचका सम्बन्धका विषयमा जानकारी दिए। तर, विपक्षीले अपेक्षा गरेजस्तो प्रधानमन्त्रीको अभिव्यक्तिप्रति क्षमायाचना गरेनन्। बरु प्रधानमन्त्रीको भनाइको प्रतिरक्षा गर्दै उनले उक्त अभिव्यक्ति 'क्रस बोर्डर अकुपेसन' सम्बन्धी सन्दर्भमा आएको दाबी गरे।

'सम्माननीय प्रधानमन्त्रीज्यूले संसद्मा उल्लेख गर्नुभएको विषय मूलतः दशगजा क्षेत्र अतिक्रमण र 'क्रस बोर्डर अकुपेसन' सँग सम्बन्धित छ। नेपाल-भारत सीमा निर्धारण गर्दा नदी सिमाना क्षेत्रमा 'फिक्स्ड बाउण्ड्री प्रिन्सिपल' अवलम्बन गरिएकोले 'क्रस बोर्डर अकुपेसन' भई एक देशका नागरिकले अर्को देशको भू-भागभित्र पर्ने जग्गामा खेतीपाती गर्ने तथा बसोबास गर्ने अवस्था रहेको छ,' उनले भने।

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# संघको नवनिर्वाचित कार्यसमितिले सम्हाल्यो पदभार

## वैदेशिक रोजगार व्यवसायलाई सम्मानित पेसा बनाउने अध्यक्ष खत्रीको प्रतिबद्धता

■ ममता थापा



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले पदभार ग्रहण गरेको छ। गत आइतबार सम्पन्न विशेष साधारणसभाबाट निर्वाचित कार्यसमितिले बुधबार सिफलस्थित संघको कार्यालय पुगेर पदभार ग्रहण गरेको हो। उक्त साधारणसभाबाट डिकबहादुर खत्रीको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरिएको थियो।

पदभार ग्रहण गर्दै नवनिर्वाचित अध्यक्ष खत्रीले व्यवसायीको हक हितको विषयलाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाए। समग्र वैदेशिक रोजगार क्षेत्रलाई नै सम्मानित बनाउन राज्यसँग समन्वय गरेर अघि बढ्ने उनको भनाइ छ।

'हाम्रो क्षेत्रमा भएका ऐनगत त्रुटिलाई राज्यसँग समन्वय गरेर सच्याउन आवश्यक पहल गर्छौं। २०७२ सालको सानो त्रुटिले व्यवसायीलाई अहिलेसम्म दुःख दिइरहेको छ,' उनले भने, 'अहिले हुन लागेको ऐन संशोधनमा त्रुटि भयो भने फेरि कति वर्ष दुःख पाउने भन्ने हुन्छ। त्यसमा हामी सजग छौं। नीतिगत सुधार भयो भने यो पेसालाई सम्मानित बनाएर पुस्तान्तरण गर्न सकिन्छ।'

क्रमशः पृष्ठ २ मा

### पहिलो बैठकबाट तोकियो जिम्मेवारी

नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा नवनिर्वाचित कार्यसमितिको पहिलो बैठक बुधबार सम्पन्न भएको छ। पदभार ग्रहण गरेलगत्तै बसेको बैठकले कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूको कार्यविभाजन गरेको जानकारी दिइएको छ। जसमा प्रथम उपाध्यक्ष महेशकुमार बस्नेतलाई अन्तर्राष्ट्रिय समन्वयका साथै संघलाई प्रविधिमैत्री बनाउने जिम्मा दिइएको छ।

क्रमशः पृष्ठ २ मा

# इजरायलको श्रमिक आवेदन प्रक्रियाबारे सांसद राईले गराए सरकारको ध्यानाकर्षण



**काठमाडौं (प्रस)–** श्रम संस्कृति पार्टीका सांसद आरेन राईले इजरायल रोजगारीका लागि आवेदन दिन प्रक्रियाका कारण युवाहरूले भोग्नुपरेको समस्याबारे सरकारको ध्यानाकर्षण गराएका छन्। बुधबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले उक्त प्रक्रियामा सहभागी श्रमिक विभिन्न समस्याबाट गुज्रिएको बताएका हुन्।

परीक्षा प्रणालीमै देखिएको समस्या तथा विभिन्न कारणले गर्दा स्थगित हुनेजस्ता कारणले श्रमिकहरू प्रभावित भएको उनले बताए। 'सिआइआइएन इन्टरनेसनलले परीक्षा लिइरहेको रहेछ। परीक्षा दिँदादिँदै परीक्षा रोकिन्छ। फेरि परीक्षा दिँदा पाँच हजार तिरेर दोस्रोचोटि भर्ना हुनुपर्ने। एप्स राम्रो चलेको छैन,' सांसद राईले भने, 'यी समस्याका कारण युवाहरूको आन्दोलन भइरहेको रहेछ। आन्दोलनमा सहभागी भयो भनेर दुई जनालाई कालीमाटी प्रहरी चौकीमा थुनेर राखेको छ। तुरुन्तै सम्बन्धित मन्त्रालयले छानबिन गरोस्।' विभिन्न जिल्लाबाट आएका श्रमिकहरू परीक्षा स्थगित हुँदा आर्थिक भारमा परेको भन्दै सांसद राईले सरकारको ध्यानाकर्षण गराए।

### स्थगित परीक्षा आजदेखि पुनः सञ्चालन हुँदै

इजरायलमा लैजाने केयर गिभरका लागि सञ्चालन गरिने अंग्रेजी भाषा परीक्षा आजदेखि पुनः नियमित हुने भएको छ। विवादका कारण मंगलबारदेखि अनिश्चितकालका लागि स्थगित गरिएको परीक्षा आज (बिहीबार)देखि पुनः सञ्चालन गरिने सिआइआइएन इन्टरनेसनल क्वालिफिकेसनले बुधबार सूचना प्रकाशित गरी जानकारी दिएको हो।

स्थगित भएको जेठ २६ र २७ गतेको परीक्षाका सम्बन्धमा भने अर्को व्यवस्था गरिने सूचनामा उल्लेख छ। विद्यार्थीहरूले विरोध जारी राखेपछि परीक्षा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको थियो। सिआइआइएन इन्टरनेसनलले भने परीक्षा हलमा अनधिकृत व्यक्ति प्रवेश गरेर परीक्षा प्रभावित पारेको भन्दै मंगलबार अनिश्चितकालका लागि स्थगित गरेको थियो। उक्त परीक्षाका लागि पाँच हजार रूपैयाँ शुल्क लिइँदै आएको छ।

अंग्रेजी भाषा परीक्षाका लागि ब्रिटिस काउन्सिलबाट टेस्ट दिने व्यवस्थालाई परिवर्तन गरी सिआइआइएनबाट टेस्ट लिने क्रममा समस्या देखिएको बुझिएको छ। परीक्षार्थीहरूले आवश्यक कम्प्युटर, हेडसेट तथा अन्य उपकरण उपलब्ध नगराएको, हल्लाका कारण स्पिकिङ परीक्षा प्रभावित भएको, सर्भर सुस्त हुँदा अनलाइन सिस्टममा सबमिट नभएकोलगायतका गुनासो गरेका छन्।

## पृष्ठ १ बाट क्रमशः

### विपक्षी लचक...

नेपाल र भारतबीच रहेको लामो सिमानालाई व्यवस्थित र वैज्ञानिक ढंगले नक्सांकन भएका क्षेत्रमा सीमा स्तम्भ निर्माण, मर्मत, दशगजा क्षेत्रको अतिक्रमण तथा 'क्रस बोर्डर अकुपेसन' को लगत संकलन गर्न दुई देशका सीमासम्बन्धी संयन्त्र र प्राविधिक टोलीहरू क्रियाशील रहेका मन्त्री खनालले जानकारी दिए ।

परराष्ट्रमन्त्रीको सम्बोधनपछि प्रमुख प्रतिपक्षी दलका नेता आङ्देम्बेले संसद्मा सरकारमाथि तीव्र प्रहार गरे । उनले प्रधानमन्त्रीले संसदीय प्रणाली र संसद्को गरिमालाई निरन्तर अवमूल्यन गरेको आरोप लगाए । प्रधानमन्त्रीलाई पटक-पटक सदनमा उपस्थित हुन आग्रह गर्दा पनि बेवास्ता गरिएको भन्दै उनले आक्रोश व्यक्त गरे । 'मेरो देशको प्रधानमन्त्रीलाई म अब सदनमा खोज्दिनँ,' उनले भने ।

आङ्देम्बेले प्रधानमन्त्रीको विवादित अभिव्यक्तिका बेला सत्तापक्षीय सांसदहरूले टेबुल ठोकेर समर्थन गरेको घटनाप्रति पनि गम्भीर असन्तुष्टि जनाए । उनले त्यसलाई आफ्नो राजनीतिक जीवनकै सबैभन्दा दुःखद र लज्जास्पद संसदीय दृश्य भएको टिप्पणी गरे । उनले सत्तारुढ दलका सांसदहरू सरकारको बचाउमामात्र केन्द्रित भएको, रास्वपा नेतृत्व प्रधानमन्त्रीविरुद्ध बोल्न नसकेको तथा सभामुख डोलप्रसाद अर्यालसमेत कार्यकारी नेतृत्वप्रति पर्याप्त कठोर बन्न नसकेको आरोप लगाए ।

यद्यपि विपक्षीको चर्को आलोचनाबीच संसद् सञ्चालनको बाटो भने खुल्यो । झण्डै दुई सातादेखि अवरुद्ध रहेको प्रतिनिधिसभा बैठक नियमित कार्यसूचीतर्फ अघि बढ्यो । प्रधानमन्त्रीबाट माफी गराउन सुरु गरिएको विरोध अन्ततः माफीविनै टुंगियो ।

राजनीतिक वृत्तमा भने यो घटनाले तत्कालका लागि संसद् खुलाए पनि सत्ता र विपक्षबीचको अविश्वास झन् गहिरो बनाएको चर्चा छ । प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर सुरु भएको विवाद औपचारिक रूपमा साम्य भएजस्तो देखिए पनि त्यसले सिर्जना गरेको राजनीतिक तरंग र संसदीय सम्बन्धमा परेको प्रभाव भने अझै लामो समयसम्म कायम रहने देखिएको राजनीति विश्लेषकहरूको टिप्पणी छ ।

■■■

### गल्ती लुकाउन...

बरु यहाँ छलफल गर्न सक्नुहुन्छ, यो रेट किन गरियो, कसो गरियो भनेर ।'

अर्थमन्त्री वाग्लेले रगत र भ्याक्सिन बोक्ने क्यारियरकोमात्र भन्सार दर परिवर्तन गरेको बताए । 'भन्सार दर रगत वा भ्याक्सिन बोक्ने क्यारियरकोमात्र चेञ्ज भएको हो । अरू शुल्क चेञ्ज भएको छैन,' उनले भने ।

भ्याक्सिन तथा रगत बोक्न प्रयोग हुने 'क्यारियर' झोलालाई सुटकेस र प्लास्टिक बाकसकै श्रेणीमा राखेर ३० प्रतिशत भन्सार लगाइँदै आएको थियो । स्वास्थ्य सामग्रीमा राहत दिने उद्देश्यले भन्सार दर १५ प्रतिशत कायम गर्ने क्रममा प्राविधिक त्रुटिवश सुटकेसको भन्सार दर पनि १५ प्रतिशत हुन पुगेको र पछि त्यसलाई पुनः ३० प्रतिशतमा कायम गरिएको वाग्लेले प्रस्टीकरण दिए ।

यसै विषयमा बुधबार नै सार्वजनिक लेखा समितिमा पुगेर अर्थमन्त्री वाग्लेले करका दर हेरफेर गर्ने अधिकार सरकारसँग सुरक्षित रहेको दाबी गरे । उनले आर्थिक ऐनको दफा १८ को व्यवस्था उल्लेख गर्दै प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सरकारले आवश्यकताअनुसार कर, दस्तुर, शुल्क वा महसुल घटाउन, बढाउन वा पूर्ण वा आंशिकरूपमा छुट दिन सक्ने कानुनी प्रावधान रहेको बताए । 'अर्को, यसको धेरै कुराको अन्तिम निर्णयकर्ता अर्थमन्त्री नै हो, यसमा कुनै सन्देह छैन । तर हामी सामूहिकरूपमा छलफल गरेर, राजनीतिक तथा नीतिगत तहमा सहमतिका आधारमा निर्णय गर्छौं । यो अर्थमन्त्रीलेमात्रै गोप्यरूपमा गर्ने काम होइन । ठूलो समूहले छलफल गरेर निष्कर्ष निकालिन्छ,' अर्थमन्त्री वाग्लेले आफ्नो बचाउ गर्दै भने ।

उनले दाबी गरेजस्तै वर्षभरि सरकारले आवश्यकता अनुसार करका दर घटाउन, बढाउन वा छुट दिन सकिने व्यवस्था ऐनमा छ । तर आर्थिक ऐनको दफा १८ को उक्त व्यवस्था बजेट कार्यान्वयनमा आएपछि अर्थात् साउन १ गतेपछि मात्रै लागू हुन्छ । त्यसपछि पनि परिवर्तनका लागि आवश्यक प्रक्रिया पूरा गर्नुपर्छ । अर्थमन्त्रीले मन्त्रिपरिषद्बाट निर्णय गराएर संसद्मा पेस गर्नुपर्छ । संसद्मा पेस भइसकेको विधेयकमा भाषिक त्रुटि वा अस्पष्टता देखिए अर्थमन्त्रीले संशोधन निवेदन दर्ता गराउन सक्ने व्यवस्था रहेको र विगतमा पनि यस्तै अभ्यास हुँदै आएको एक पूर्वअर्थसचिवले बताए ।

अर्थमन्त्री वाग्लेले भने आफूलाई निर्मम ढंगले हिलो छ्याप्ने काम गरिएको भन्दै दुःख व्यक्त गरे । 'सुशासनमा असाध्यै निर्मम ढंगले अघि बढेकोलाई हिलो छ्याप्ने काम भएको छ । यसमा माननीय सदस्यज्यूहरू सचेत रहनुहोला । किनकि हिलो छ्यापेपछि जति धोए पनि अलिअलि टाटा रहिरहन्छ,' उनले भने ।

#### सूचना चुहाएकोबारे प्रमाण पेस गर्न चुनौती

अर्थमन्त्री वाग्लेले विद्युतीय सवारीसाधनमा ५० लाख रूपैयाँभन्दा कम मूल्यका गाडीको मूल्य नबढ्ने सरकारको नीतिअनुरूप सडक निर्माण दस्तुरसम्बन्धी छुटेको व्यवस्था संशोधनमार्फत समावेश गरिएको बताए । 'छानबिन समिति बनाएको हामीले नै हो । हाम्रो जानकारीमा आयो, केही भएको हुन सक्छ कि रसुवागढी र कोरला नाकामा । प्रहरी परिचालनका लागि गृह मन्त्रालय चाहियो, जतिबेला सम्माननीय प्रधानमन्त्रीकै नेतृत्वमा थियो,' वाग्लेले भने, 'तुरुन्तै हामीले प्रधानमन्त्री कार्यालयसँग समन्वय गरेर अर्थ मन्त्रालय र भन्सार विभागका केही साथीहरू र सशस्त्र प्रहरी मिलाएर एउटा टास्क फोर्स बनाएर रसुवागढी पठायौं । केही गडबडी भएको छ कि भन्ने अनुसन्धानमा पारी गएर केही गडबडी गरिएको हो कि भन्ने आशंका जन्मियो । र, उहाँहरूलाई तुरुन्तै फिर्ता झिकाएर त्यसमा अनुसन्धान चलिरहेकै छ ।'

जाँचपास भएर गाडी आइसकेपछि करका दरहरूको विषय उठाइएकोमा कतै बजेटअघि नै सूचना चुहाइयो कि भन्ने आशंकामा त्यस्तो नभएको अर्थमन्त्री वाग्लेले दाबी गरे । 'करको दर बढ्दै छ, त्यो बढ्नुभन्दा अगाडि नै जाँचपास गरेर गाडी भित्र्याइहालुँ भनेर पहिलापहिला त्यस्तो काम गर्थे भ्रष्ट नेताहरूले । यसपालि हामी सुशासनको विषयमा असाध्यै निर्मम छौं । मबाट त चुहिने कुरै भएन । हाम्रो टिमबाट पनि यो चुहिएको होइन,' अर्थमन्त्री वाग्लेले दाबी गरे ।

राजस्व र करका विषयमा सूचना चुहावटको विषयमा एकदम फितलो र खुद्रे टिप्पणी गरिएको भन्दै अर्थमन्त्री वाग्लेले आक्रोश व्यक्त गरे । 'नेपालको अर्थमन्त्रीले के बोल्छ अनि बिवाइडीको फ्याक्ट्रीमा गाडी बनेर खुरुखुरु आएर एक दिनमा पास हुने हो ?,' उनले प्रतिप्रश्न गरे । गाडी आयातका लागि चार हप्तादेखि चार महिनासम्मको अवधिमा एलसी खोलेर, अर्डर गरेर, नाकासम्म ल्याएर जाँचपास गर्ने प्रक्रिया भएको तर्क गर्दै अर्थमन्त्री वाग्लेले आजको भोलि यी सबै प्रक्रिया सम्भव नभएको जवाफ दिए ।

अर्थमन्त्री वाग्लेले आफूले विनियोजन विधेयकबारे सूचना चुहाएको भए कतै न कतै सूचनाको सानो प्रमाण ल्याउन चुनौती दिएका छन् । तर, जथाभावी छानबिन समितिको माग गरिएको भन्दै उनले सार्वभौम संसद्लाई नै सस्तो बनाइएको आरोप लगाए । 'गम्भीर कुशासनको कुरामा पो छानबिन गर्ने हो । न कुनै संलग्नता छ, न कुनै प्रमाण छ । अनुमानका भरमा । तर, जे अनुमान लगाइएको छ, त्यसको ठीक उल्टो भएको छ । कर घटेको छ । राज्यलाई फाइदा भएको छ,' वाग्लेले भने ।

■■■

### संघको...

पदभार ग्रहण गर्न आयोजित समारोहमा निर्वाचन गराउन भूमिका खेल्ने निर्वाचन समिति तथा त्यसका लागि समन्वय गरेको प्रबन्ध समितिका पदाधिकारीलाई सम्मान गरिएको थियो । नवनिर्वाचित कार्यसमितिले अब दुई वर्ष संघको नेतृत्व सम्हाल्ने छ ।

विशेष साधारणसभाबाट संघको प्रथम उपाध्यक्षमा महेश बस्नेत, द्वितीय उपाध्यक्षमा अनिल बोगटी, तृतीय उपाध्यक्षमा लक्ष्मण पौडेल, महासचिवमा हिराबहादुर डाँगी, सचिवमा केदारनाथ अधिकारी र कोषाध्यक्षमा धनमाया सिञ्जाली निर्वाचित भएका थिए । त्यस्तै, कार्यसमिति सदस्यमा रमा खड्का, तारा तामाङ, तारामणि राई, ध्रुव जिसी, भावना गजुरेल, रविन्द्र राई, विवश ढुंगाना, दीक्षा थपलिया, बाबुराम न्यौपाने र गीता राउत निर्वाचित भएका थिए ।

भुवनसिंह गुरुङ नेतृत्वको निवर्तमान कार्यसमिति आन्तरिक विवादका कारण कार्यकाल पूरा नगरी विघटन भएपछि विशेष साधारणसभामार्फत नयाँ कार्यसमिति चयन गरिएको हो । निवर्तमान अध्यक्ष गुरुङको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै बहुमत पदाधिकारीले राजीनामा दिएपछि कार्यसमिति विघटन हुन पुगेको थियो । संघको विधानमा बहुमत पदाधिकारीले राजीनामा दिएमा कार्यसमिति स्वतः विघटन हुने व्यवस्था छ । सोही व्यवस्थालाई टेकेर जिल्ला प्रशासन कार्यालय काठमाडौंलेसमेत संघलाई निर्वाचनमार्फत नयाँ कार्यसमिति चयन गर्न अनुमति दिएको थियो ।

■■■

### पहिलो बैठकबाट...

बस्नेतले संघलाई पूर्णप्रविधिमैत्री बनाउन आइटी इञ्जिनियरहरूसँग समन्वय गरी आवश्यक काम गर्नुपर्ने छ । द्वितीय उपाध्यक्ष अनिल बोगटीलाई प्रशासनिक निकायदेखि आन्तरिक र आकस्मिक समन्वयको जिम्मा दिइएको छ । तृतीय उपाध्यक्ष लक्ष्मण पौडेललाई वैदेशिक रोजगार विभागमा आउने मेलमिलाप, गुनासोलगायतमा समन्वयको जिम्मेवारी तोकिएको छ । संघको प्रवक्ताको जिम्मा भने महासचिव हरि डाँगीले पाएका छन् ।

त्यसैगरी संघका सचिव केदारनाथ अधिकारीलाई विदेशी कूटनीतिक नियोगको जिम्मा दिइएको छ । कोषाध्यक्ष धनमाया सिञ्जालीलाई आर्थिक संयोजक तथा सिएसआर संयोजक तोकिएको छ ।

सोही बैठकबाट नवनिर्वाचित सदस्यहरूलाई देशगत समस्या समाधानका लागि विभिन्न भूमिका दिइएको छ । जसअन्तर्गत रमा खड्का युएई संयोजक, तारामणि राई विभाग सहसंयोजक, ध्रुव जिसी युरोप संयोजक, रविन्द्र राई विभाग सहसंयोजक, विवश ढुंगाना कतार संयोजक, दीक्षा थपलिया साउदी अरब संयोजक, बाबुराम न्यौपाने युएई सहसंयोजक, भावना गजुरेल कुवेत संयोजक, गीता राउत विभाग सहसंयोजक र तारा तामाङ युरोप सहसंयोजक रहेका छन् । संघले कानुनी सल्लाहकारमा वरिष्ठ अधिवक्ता शम्भुप्रसाद निरौला र वरिष्ठ अधिवक्ता देवराज कटुवाललाई नियुक्ति गर्ने निर्णयसमेत गरेको छ ।


#### जितपुर यातायात प्रा.लि. को हकदाबी गर्न आउने बारे ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७५।१२।२६ मा दर्ता भएको श्री जितपुर यातायात प्रा.लि. (प्रा.लि.नं २१२७७७) को मिति २०८२।०२।२६ गतेको विशेष साधारण सभाले कम्पनी खारेजी गर्ने निर्णय गरेकोले उक्त कम्पनी सँग कोहि कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बिजुलीबजार काठमाण्डौमा सम्पर्क गर्नु हुँन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता खारेजीको प्रकृया अगाडि बढाइ दर्ता खारेजी गरिने छ ।

**लिक्वीडेटरको कार्यालय**
**लिक्वीडेटर, अधिवक्ता, शकुन्तला भुसाल**
**सम्पर्क नं. ९८५१३१३४५९,** का.जि.का.म.न.पा.वडा नं. १०, बिजुलीबजार ।

#### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२८**

**भिजन कन्सल्टेन्सी एण्ड ट्रेनिङ्ग सेन्टर प्रा. लि.** को मिति २०८३/०२/२४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भिजन जापानिज ल्याङ्वेज सेन्टर प्रा. लि. (दर्ता नं. ३३७४३५)** कायम गर्ने गरी मिति २०८३/०२/२७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/११/१० मा दर्ता भएको **प्रा. लि. नं. २८४७४५** को **घामछायाँ कन्सल्टेन्सी प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

#### रिफाईन्ड पेपर प्रोडक्सनको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/२/२८**

बागमती प्रदेश, काठमाडौं जिल्ला, थाक्रे गाँउपालिकामा रिफाईन्ड पेपर प्रोडक्सन प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | रिफाईन्ड पेपर प्रोडक्सन प्रा.लि.<br>थाक्रे गाँउपालिका वडा नं. ७, महतडाँडा, धादिङ जिल्ला, बागमती प्रदेश |
| **प्रस्तावको विशेषता** | **प्रस्तावः** रिफाईन्ड पेपर प्रोडक्सन<br>**प्रस्तावको ठेगानाः** थाक्रे गाँउपालिका वडा नं. ७, महतडाँडा, धादिङ बागमती<br>**मुख्य विशेषताः** |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा.** | धादिङ जिल्ला, थाक्रे गाँउपालिका वडा नं. ७, महतडाँडा |

| | |
|---|---|
| आयोजना रहेको जग्गाको कूल क्षेत्रफल | २,७७१.८४ वर्ग. मि. |
| कित्ता नं. | ७१, ७२, ७३, १०७ |
| आयोजनाको उद्देश्य | रिफाईन्ड पेपर प्रोडक्सन उद्योग निर्माण तथा सञ्चालन |
| जम्मा दैनिक उत्पादन क्षमता | ६ मेट्रिक टन |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सिलसिलामा बागमती प्रदेश वातावरण संरक्षण ऐन, २०७७ (संशोधन, २०७९) को दफा (६) को उपदफा २(१) को प्रावधान अनुसार राय सुझाव सङ्कलन प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (रिफाईन्ड पेपर प्रोडक्सन उद्योग निर्माण तथा सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझावहरु पठाउनु हुन सम्बन्धित सबै स्थानीय सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने ठेगानाः**

| **प्रस्तावक :** | **सम्बन्धित गाउँपालिकाः** |
|---|---|
| रिफाईन्ड पेपर प्रोडक्सन प्रा.लि.<br>थाक्रे गाँउपालिका वडा नं. ७, धादिङ जिल्ला, बागमती<br>फोन नंः ९८६०२६०९१४ | थाक्रे गाँउपालिका वडा नं. ७, धादिङ जिल्ला, बागमती प्रदेश,<br>फोन नंः +९७७-०१०/४१५०९८<br>इमेलः thakre.mun@gmail.com |
| **परामर्शदाताः**<br>जुनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,<br>फोन नंः ०१-५९१४३५४<br>इमेल info.jerc@gmail.com | |

#### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/२८ गते**

यस कम्पनीको मिति २०८२/११/१० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सम्पनता ओभरसिज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०२/०७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **गोल्डेन ग्लो ओभरसिज प्रा.लि. (प्रा.लि.नं. २९६६४२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**
**सूचना**

प्रकाशित मिति : २०८३/०२/२८

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था **Tirupati H.R. Solution Pvt. Ltd.** (ई.प.नं.1544/078/79) ले यस विभाग समक्ष संस्थाको रजिष्टर्ड कार्यालयको ठेगानालाई तपसिल बमोजिम स्थानान्तरण गरि पाउँ भनि निवेदन दिएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस वैदेशिक रोजगार विभागको संस्था दर्ता तथा समन्वय शाखामा उजुरी/निवेदन पेश गर्नु हुन मिति २०८३/०२/२६ को निर्णयानुसार अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| साविक ठेगाना | अब कायम हुने नयाँ ठेगाना |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.०९ | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.३१ |


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, २८ जेठ, २०८३

**मेष** आज नयाँ अवसर प्राप्त हुन सक्छ र आर्थिक लाभ । साथीभाइसँग व्यवहार गर्दा संयम अपनाउनुहोस् ।

**वृष** शिक्षाक्षेत्र र व्यवसायमा प्रगति हुने संकेत छ । प्रेम सम्बन्धमा खुसी र समझदारी बढ्नेछ ।

**मिथुन** मान-सम्मान र प्रतिष्ठा बढ्ने दिन छ । अनावश्यक खर्चमा नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कर्कट** सहकार्यबाट फाइदा मिल्नेछ । काममा धैर्य र सावधानी अपनाउँदा सफलता प्राप्त हुनेछ ।

**सिंह** आर्थिक अवस्था बलियो बन्नेछ । परिवारको सहयोगले महत्वपूर्ण काम सम्पन्न हुनेछ ।

**कन्या** शुभ समाचार प्राप्त हुन सक्छ । धार्मिक तथा सामाजिक कार्यमा सहभागिता बढ्नेछ ।

**तुला** काममा केही चुनौती आउन सक्छ । स्वास्थ्य र पारिवारिक सम्बन्धमा ध्यान दिनुहोस् ।

**वृश्चिक** धन लाभ र लगानीका अवसर प्राप्त हुन सक्छन स्वास्थ्यप्रति सचेत रहनु आवश्यक छ ।

**धनु** आम्दानी बढ्ने र काममा सफलता मिल्ने योग छ । विरोधी पक्षबाट सतर्क रहनुहोस् ।

**मकर** अध्ययन र व्यवसायमा प्रगति हुनेछ । पारिवारिक वातावरण सुखद र सहयोगी रहनेछ ।

**कुम्भ** खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । निर्णय गर्दा परिवारको सुझाव उपयोगी हुनेछ ।

**मीन** आध्यात्मिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । परिवारको साथले आत्मविश्वास र उत्साह बढाउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२८ जेठ, २०८३ (११ जुन, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.२७ | १५२.८७ |
| युरो | १ को | १७६.२१ | १७६.९१ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.०५ | २०४.८५ |
| स्विस फ्रैन्क | १ को | १९१.३९ | १९२.१४ |
| अस्ट्रेलियन डलर | १ को | १०७.४७ | १०७.९० |
| क्यानाडियन डलर | १ को | १०९.३१ | १०९.७५ |
| सिङगापुर डलर | १ को | ११८.४७ | ११८.९४ |
| जापानी येन | १० को | ९.५१ | ९.५५ |
| चिनियाँ युआन | १ को | २२.४९ | २२.५८ |
| साउदी अरब रियाल | १ को | ४०.५६ | ४०.७२ |
| कतारी रियाल | १ को | ४१.७७ | ४१.९३ |
| थाई भाट | ख १ को | ४.६४ | ४.६६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४६ | ४१.६२ |
| मलेसियन रिङेट | १ को | ३७.५० | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०३ |
| स्विडिस क्रोनर | १ को | १६.१९ | १६.२५ |
| डेनिस क्रोनर | १ को | २३.५८ | २३.६७ |
| हङकङ डलर | १ को | १९.४३ | १९.५१ |
| कुवेती दिनार | १ को | ४९५.५९ | ४९७.५४ |
| बहराइन दिनार | १ को | ४०३.८२ | ४०५.४१ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विधेयकमा त्रुटि: बचाउ होइन, विधिको पालना गर

आर्थिक वर्ष २०८३/८४ को बजेटसँगै संसद्मा प्रस्तुत आर्थिक विधेयकलाई लिएर उत्पन्न विवाद र त्यसपछि संसदीय समितिहरूमा देखिएको बहसले हाम्रो नीतिगत परिपक्वतामाथि गम्भीर प्रश्न उठाएको छ । सार्वजनिकरूपमा उपलब्ध भइसकेको विधेयक पटक-पटक परिवर्तन हुनु, पानाहरू थपघट हुनु र अर्थ मन्त्रालयकै वेबसाइटबाट समेत केही समयका लागि गायब पारिनु कुनै पनि अर्थमा सामान्य प्रक्रिया होइनन् । यो प्राविधिक हेलचेक्र्याइँ मात्र नभएर अर्थमन्त्रीले संसद् र कानुनमाथि गरेको बलमिच्याइँ हो । यस विषयमा जननिर्वाचित सांसदहरूले प्रश्न उठाउँदा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले जुन ढंगको प्रतिरक्षात्मक र केही हदसम्म गैरराजनीतिक शैली अपनाए, त्यसले सुशासनको नारालाई गिज्याएको छ ।

विधेयकका पानाहरू तलमाथि भएको विषयलाई अर्थमन्त्रीले 'माइक्रोसफ्ट वर्ड' को कोलम मिलाउने प्राविधिक कुरासँग जोडेर सञ्चारकर्मी र आलोचकहरूलाई व्यंग्य गरे । तर, मुलुकको आर्थिक नीति तय गर्नेजस्तो संवेदनशील दस्तावेजमा यस्ता प्राविधिक त्रुटि कसरी दोहोरिइरहन्छन् र सुटकेसको भन्सार दर आधा घट्नेगरी 'अञ्जानमा' कसरी प्राविधिक गल्ती हुन्छ भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ आएको छैन । भ्याक्सिन र रगत बोक्ने क्यारियरको भन्सार घटाउने बहानामा सुटकेसको दर पनि घट्नु र पछि आलोचना भएपछि सच्याउनुले पर्दापछाडिको चलखेल वा चरम लापरवाहीलाई नै संकेत गर्छ ।

सबैभन्दा गम्भीर कुरा त अर्थमन्त्रीले करका दरहरू हेरफेर गर्ने आफ्नो बचाउका लागि आर्थिक ऐनको दफा १८ को अपव्याख्या गरे । प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए पनि सरकारले कर, दस्तुर वा महसुल घटाउन वा बढाउन सक्ने अधिकार उक्त दफाले दिएको दाबी अर्थमन्त्रीको छ । तर, कानुनी राज्यको स्थापित सिद्धान्तअनुसार बजेट संसद्मा विचाराधीन रहेको अवस्थामा संसद्को अनुमतिविना वा संसदीय प्रक्रियाबाहिरबाट विधेयकका प्रावधान सुटुक्क फेरबदल गर्न पाइँदैन । आर्थिक ऐनको दफा १८ को व्यवस्था बजेट पूर्णरूपमा पारित भई साउन १ गतेबाट कार्यान्वयनमा आएपछि मात्र लागू हुने विशेष अधिकार हो, न कि संसद्मा दर्ता भइसकेको विधेयकलाई मन्त्रीको चाहनाअनुसार जतिबेला पनि बदल्ने खुला अनुमतिपत्र ।

संसद्मा दर्ता भइसकेको विधेयकमा कुनै भाषिक वा प्राविधिक त्रुटि भएमा त्यसलाई सच्याउने निश्चित कानुनी मार्गहरू छन् । अर्थमन्त्रीले मन्त्रिपरिषद्बाट निर्णय गराएर वा संसद्मा औपचारिक संशोधन निवेदन दर्ता गराएर मात्र परिमार्जन गर्नुपर्ने स्थापित संसदीय अभ्यास र मर्यादा छ । प्रक्रियालाई मिचेर, संसद्लाई छलेर मन्त्रालयको तहबाटै मस्यौदा फेरबदल गरिनुले विधिको शासनको खिल्ली उडाउँछ ।

विद्युतीय सवारी साधनको आयात र सूचना चुहावटको विषयमा पनि अर्थमन्त्रीले प्रमाण पेस गर्न चुनौती दिँदै आक्रोश पोखेका छन् । तर, सार्वजनिक पदमा बसेको व्यक्ति सधैँ जवाफदेही र पारदर्शी हुनुपर्छ । 'मबाट सूचना चुहिने कुरै भएन' भन्ने ढिपीले मात्रै नागरिकको आशंका मेटिँदैन । सुशासनमा निर्मम छु भन्दैमा आफ्ना कमजोरी लुकाउन अरूमाथि हिलो छ्यापिएको आरोप लगाउनु राजनीतिक इमानदारिता होइन ।

तसर्थ, अर्थमन्त्री डा. वाग्लेले शब्दजाल र प्राविधिक बहानाबाजी गरेर आफ्नो बचाउमा उत्रनु ठीक होइन । लोकतन्त्रमा गल्ती स्वीकार्दा र विधिमा चल्दा मान्छेलाई सानो बनाउँदैन, बरु उसको उचाइ बढाउँछ । संसद्को गरिमा र आर्थिक ऐनको अक्षरस: पालना गर्नु सरकारको पहिलो कर्तव्य हो । करका दर र आर्थिक ऐन जस्तो देशको संवेदनशील विषयमा स्वेच्छाचारिता होइन, पूर्ण कानुनी प्रक्रिया र पारदर्शिता अवलम्बन गरियोस् ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

राहदानी कम्पनी वा स्पोन्सरले राखेको बखत यसको म्याद सकिन सक्छ । यस्तो बेलामा राहदानीको म्याद थप्ने बेला भएको जानकारी रोजगारदातालाई गराउने । घरेलु कामदार महिलाहरूका मालिकले मोबाइल खोसेर लाने भएकोले लुकाएर राख्ने र मालिक नभएको बेलामा मात्र प्रयोग गर्ने ।

# बहुप्रतिक्षित फुटबलको महासंग्राम विश्वकप



❑ राजु सिलवाल

"विश्वकै सबैभन्दा ठूलो प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबल प्रतियोगिताको अवधि हालसम्मकै सबैभन्दा लामो ३९ दिनसम्म सञ्चालन हुँदै छ । यो प्रतियोगिता समग्रमा विगतका प्रतियोगिताहरूभन्दा थप रोचक तथा रोमाञ्चक हुनसक्ने सम्भावना देखिएको छ । फुटबलमा आधिपत्य जमाइरहेका टिमहरूको अग्रता यसपटक पनि जारी रहने आकलन गर्न सकिन्छ तर कम चर्चित टिमलाई नकार्न सकिँदैन । प्रतियोगितामा सहभागी मुलुक धेरै भएकाले अप्रत्याशित नतिजा पनि आउनसक्ने सम्भावना पनि छँदै छ तर समूह चरणमै प्रत्येक टिमले खेल्न पाउने तीन–तीन खेलमै कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

चार वर्षको प्रतीक्षापछि फिफा विश्वकप २०२६ फुटबल प्रतियोगिता विगतका विश्वकपहरूभन्दा थप विशेष बन्दै संसारभरका फुटबलप्रेमीहरूको घरसंघारमा आइपुगेको छ । व्यापकरूपमा विश्वव्यापी सहभागिता हुने अपेक्षा गरिएको विश्वकपलाई अन्तर्राष्ट्रिय पर्वका रूपमा लिने गरिएको छ । विश्वकप फुटबलले एक महिनाभन्दा बढी अवधिभर संसारभरिका फुटबलप्रेमीहरूलाई प्रतिस्पर्धात्मक खेलको माध्यमबाट एकीकृत गर्दै स्वच्छ मनोरञ्जन दिलाउने छ ।

नेपालको समयअनुसार जेठ २९ गते मध्यराति १२ बजेर ४५ मिनेटदेखि शुभारम्भ हुने विश्वकप साउन ४ गते मध्यराति १२ बजेर ४५ मिनेट जाँदा सुरु हुने फाइनल खेलपछि टुंगिने खेलतालिका रहेको छ । विज्ञान र प्रविधिको विकाससँगै प्रविधिमैत्रीअनुरूप सञ्चालन गरिने विश्वकप फुटबलले समग्ररूपमा विश्वमा आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विभिन्न क्षेत्रको विकासका लागिसमेत यथोचित योगदान गर्ने आशा गरिएको छ ।

### विगतभन्दा फरक

यसपालि पहिलोपटक तीनवटा देश मिलेर संयुक्तरूपमा विश्वकपको आयोजना गर्दै छन् । अमेरिका, क्यानडा र मेक्सिकोले सञ्चालन गर्ने यस प्रतियोगिताको विशेषता भनेको फुटबलप्रेमी दर्शकहरूले धेरै खेल हेर्ने अवसर प्राप्त गर्नु हो । प्रतियोगिताको उद्घाटन खेल जेठ २९ गते मेक्सिको सिटीमा 'ए' समूहमा रहेको विश्वकपको सहआयोजक मेक्सिको तथा दक्षिण अफ्रिकाबीच हुँदै छ । जेठ ३० गते अर्को सहआयोजक क्यानडाले बोस्निया हर्जगोभिनियासँग टोरोन्टोमा तथा सहआयोजक अमेरिकाले पाराग्वेसँग क्यालिफोर्नियामा पहिलो खेल खेल्ने कार्यक्रम छ । यसरी विभिन्न तीन देशमा आयोजना हुने बेग्लाबेग्लै उद्घाटन खेलले विश्वमा रहेका सम्पूर्ण मुलुकहरूलाई नै फुटबलमय बनाउन महत्त्वपूर्ण योगदान गर्ने छ ।

विश्वकपका सहभागी मुलुकहरूको संख्यामा व्यापक मात्रामा वृद्धि गरिनु सन् २०२६ को अर्को उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । विगतका विश्वकपहरूमा ३२ टोलीकोमात्र सहभागिता हुने गर्दथ्यो भने अब ४८ मुलुकका टोलीले अन्तिम प्रतिस्पर्धामा सहभागिता जनाउने मौका पाएपछि थप थुप्रै टिम तथा खेलाडीहरूले आफ्नो प्रतिभा प्रदर्शन गर्ने मौका पाएका छन् । विश्वकपको इतिहासमा खेल संख्या पनि अत्यधिक मात्रामा वृद्धि गरिएबाट प्रतियोगिताको रौनक अझ बढ्न पुगेको छ । प्रतियोगिताको सहभागी मुलुकभित्र व्यापक चासो र चिन्ता हुने गरेको विश्वकपको लहरले सम्पूर्ण विश्वलाई प्रभावित गर्ने छ । यो प्रतियोगिता विश्वकै लामो प्रतियोगिताका रूपमा स्थापित हुँदै छ ।

यसअघिका विश्वकपमा ६४ वटा खेल हुने गरेकामा अब खेल संख्या बढेर १०४ खेल हुने भएपछि यसको सकारात्मक असर ती खेल सञ्चालन हुने तीनवटै मुलुकका विभिन्न १६ वटा सहरमा पर्ने देखिएको छ । विभिन्न देशबाट खेल हेर्न ती सहरमा जाने पर्यटकको घुइँचोले समग्र आर्थिक अभिवृद्धिमा प्रभाव पर्न जाने छ । सन् २०२२ को कतारमा भएको विश्वकपमा भन्दा यसपटक ४० वटा बढी खेल हुने भएपछि फुटबलप्रेमीहरूलाई धेरै खेल हेर्न पाउने अवसर जुटेको छ । यसअघि समूहगत खेलका लागि सहभागी टिमहरूलाई आठ समूहमा विभाजन गर्ने गरिएको थियो भने यसपटक समूहको संख्या बढ्न गई 'ए' देखि 'एल' समूह गरी १२ वटा समूहमा विभाजन गरिएको छ । यसअनुसार प्रत्येक समूहमा चारवटा टोली रहेका छन् । प्रत्येक टोलीले खेल्ने लिग र नकआउट चरणका सम्पूर्ण खेलहरूले व्यापकरूपमा फुटबलको लहर ल्याउने छ ।

### सम्भावित प्रतिस्पर्धा

प्रतियोगिताका सहभागी टिमहरूमध्ये गत विश्वकप विजेता अर्जेन्टिना यसपालि पनि उपाधि जित्ने लक्ष्यका साथ मैदानमा उत्रँदै छ । विपक्षीलाई सन्तुलितरूपमा दबाब दिन यो टिम सफल मानिएको छ । अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीको कुशल नेतृत्व यो टिमको प्रमुख शक्ति रहेको छ । सन् २०१० मा एकपटकमात्र विश्वकप जितेको स्पेनका खेलाडी पनि राम्रो फर्ममा रहेको विश्लेषकहरूले जनाएका छन् । फिफाको विश्व बरियतामा विभिन्न पटक शीर्षस्थानमा रहन सफल स्पेन वर्तमान युरोपेली च्याम्पियन पनि हो । स्पेनको टिम शक्तिशाली राष्ट्रिय टोलीमध्ये एक मानिएको छ ।

गत विश्वकपको उपविजेता फ्रान्स पनि विपक्षी टिममाथि आक्रमण गर्न पारंगत देखिएको छ । प्रतिभाशाली खेलाडीहरूले भरिएको फ्रान्सेली टिम तेस्रोपटक विश्वकप जित्ने लक्ष्य लिएर मैदानमा उत्रिँदै छ । विपक्षीतर्फ आक्रमण गर्ने सन्दर्भमा इंगल्याण्डको टिम पनि कम देखिएको छैन । यो टिम अनुभवी खेलाडीहरूले भरिएका छन् । इंगल्याण्डले सन् १९६६ मा एकपटकमात्र आफ्नै गृह मैदानमा विश्वकप जितेको थियो । यस्तै अनुभवी कप्तान क्रिस्टियानो रोनाल्डोको नेतृत्वमा रहेको पोर्चुगलको टिम यो विश्वकपमा सन्तुलित टिममध्ये एक मानिएको छ । यो टिममा मिडफिल्ड होस् वा फूलब्याकजस्तो महत्त्वपूर्ण स्थानमा यथोचित् व्यवस्थापन भएको देखिएको छ । विश्वकपमा बलियो टिमका रूपमा हेरिने गरिएको पोर्चुगलले एकपटक पनि विश्वकप जित्न सकेको छैन । सन् १९६६ मा पोर्चुगल तृतीयसम्म भएको थियो ।

त्यसैगरी, ब्राजिल पनि विश्वकपका सहभागी टिमहरूमा शक्तिशाली टिमहरूमध्ये पर्दछ । विश्वमा सबैभन्दा धेरैचोटी पाँचपटक विश्वकप जित्न सफल ब्राजिल अहिले छैटौंपटक उपाधि जित्ने दाउमा रहेको छ । अनुभवी खेलाडीहरूको कमी नदेखिएको ब्राजिलले विश्वकप फुटबल प्रतियोगिता आयोजना भएको प्रारम्भिक दिनदेखि नै प्रतिस्पर्धा गर्दै आइरहेको छ ।

चारपटक विश्वकप जितिसकेको जर्मनीजस्ता टिम पनि विश्वकपका बलिया दाबेदार मान्न सकिन्छ । तर सन् २०१८ तथा २०२२ मा समूह चरणबाटै बाहिरिएको जर्मनी यसपटक त्यस्तो पीडा फेरि नपरोस् भन्नेतर्फ सचेत रहेको छ । विश्वकपमा दुईपटक तृतीय भइसकेको क्रोयसिया तथा सन् २०२२ को विश्वकपमा तेस्रो स्थानका लागि भएको खेलमा क्रोयसियासँग एक गोलअन्तरले मात्र पराजित भएपछि विश्वव्यापी रूपमा चर्चित भएको मोरक्कोजस्ता टिमबाट पनि यसपटक अझ उत्कृष्ट नतिजाका लागि प्रयत्न हुने नै छ । यस्तै नेदरल्याण्डस्, बेल्जियमजस्ता टिमलाई पनि कम आँक्न सकिँदैन ।

### धेरै पटक जित्नेहरू

फिफा विश्वकप फुटबल हालसम्म सबैभन्दा धेरैपटक ब्राजिलले जितेको छ । ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र सन् २००२ मा गरी पाँचपटक विश्वकप हासिल गरेको थियो । यस्तै जर्मनीले चारपटक उपाधि हात पारिसकेको छ । जर्मनी सन् १९५४, १९७४, १९९० र २०१४ मा विजेता बन्न सफल भएको थियो । उपाधि चारपटक नै जितेको इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा ट्रफी कब्जामा लिएको थियो । तीनपटक जितिसकेको अर्जेन्टिनाले सन् १९७८, १९८६ तथा अघिल्लो विश्वकप २०२२ मा विजेता बनेको थियो । फ्रान्स र उरुग्वेले भने दुई-दुई पटक विश्वकप जितेका छन् । फ्रान्सले सन् १९९८ र २०१८ मा तथा उरुग्वेले सन् १९३० तथा १९५० मा उपाधि हात पारेका थिए ।


अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाको पछिल्लो विश्व वरीयताक्रममा अर्जेन्टिना सबैभन्दा अग्रपंक्तिमा रहेको छ । दोस्रो स्थानमा स्पेन तथा तेस्रो स्थानमा फ्रान्स रहेका छन् । यस्तै इंग्ल्याण्ड चौथो, पोर्चुगल पाँचौं स्थानमा छन् ।

### अत्यधिक गोल

फिफा विश्वकपको इतिहासमा सबैभन्दा धेरै गोल गरेको इतिहास जर्मनीका मिरोस्लाभ क्लोसले कायम गरेका छन् । उनले सन् २००२, २००६, २०१० र २०१४ गरी चारवटा विश्वकपमा कूल १६ गोल गरेर कीर्तिमान राखेका थिए । विश्वकपमा धेरै गोल गर्नेहरूको सूचीमा दोस्रो स्थानमा रहेका ब्राजिलका रोनाल्डोले कूल १५ गोल गरेका थिए । तत्कालीन पश्चिम जर्मनीका गेर्ड मुलरले कूल १४ गोल, फ्रान्सका जस्ट फोन्टाइनले कूल १३ गोल गरेका थिए । हालसम्म पाँचवटा विश्वकप खेलिसकेका अर्जेन्टिनाका लिओनेल मेस्सीले कूल १३ गोल गरिसकेका छन् । एउटै प्रतियोगितामा सबैभन्दा धेरै १३ गोल फ्रान्सका जस्ट फोन्टाइनले सन् १९५८ को विश्वकपमा गरेका थिए ।

### मेस्सीको छैटौं विश्वकप

अर्जेन्टिनाका कप्तान लियोनेल मेस्सीले छैटौंपटक फिफा विश्वकपमा भाग लिएर इतिहास रच्दै छन् । सम्भवत: यसपालिको विश्वकप उनका लागि अन्तिम विश्वकप हुने छ । मेस्सीले सन् २००६ मा जर्मनीमा आयोजित विश्वकपमा १८ वर्षकै उमेरमा डेब्यु गर्ने अवसर प्राप्त गरेका थिए । उनले त्यतिखेर सर्बियाविरुद्ध पहिलो गोल गरेका थिए ।




सन् २०१० मा दक्षिण अफ्रिकामा दोस्रोपटक विश्वकप खेलेका मेस्सीले सन् २०१४ मा ब्राजिलमा विश्वकपको फाइनलमा आफ्नो टिमलाई प्रवेश गराउने अवसर पाए पनि जर्मनीसँगको नमीठो हार व्यहोरेका थिए । आफ्नो टिम फाइनलमा पराजित भए पनि प्रतियोगिताको उत्कृष्ट खेलाडीका रूपमा मेस्सीले गोल्डेन बुट जित्नु सामान्य सफलता थिएन । सन् २०१८ मासमेत विश्वकप खेलेका मेस्सीले सन् २०२२ मा कतारमा आयोजित विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाउन नेतृत्वदायी भूमिका खेलेका थिए । मेस्सीले प्रतियोगितामा सात गोल गर्नुका साथै दोस्रोपटक गोल्डेन बल जितेका थिए ।

### करोडौं पुरस्कार

फिफा विश्वकपको अर्को महत्त्वपूर्ण विशेषता भनेको आकर्षक पुरस्कार पनि मानिएको छ । यसमा विजेता बन्ने टिमले करोडौं रकम पुरस्कार पाउने छन् । फिफाले विश्वकपका विजेता टिमलाई पुरस्कारबापत पाँच करोड डलर रकम प्रदान गर्ने छ । उपविजेताले तीन करोड तीन लाख डलर पाउने छ । तेस्रो स्थान प्राप्त गर्ने टिमले दुई करोड ९० लाख डलर तथा चौथो हुने टिमले दुई करोड ७० लाख डलर पुरस्कार प्राप्त गर्ने छ । यसबाहेक खेलाडीहरूलाई सम्बन्धित मुलुकका सरकार तथा विभिन्न संस्थाका तर्फबाट पनि आकर्षक पुरस्कार प्रदान गरिने प्रचलन रहेको छ । फिफा विश्वकप विजेताले प्राप्त गर्ने ट्रफीको मूल्य पनि सामान्य छैन । फिफा विश्वकप ट्रफीको लागत करिब दुई लाख ४२ हजार ७०० डलर भएको अनुमान गरिएको छ । ट्रफीको तौल छ किलोभन्दा बढी रहेको छ । यसको निर्माण १८ क्यारेटको सुनबाट गरिएको हो । उक्त सुनको ट्रफी स्थायीरूपमा फिफाको स्वामित्वमा रहने नियम छ । यस्तो महत्त्वपूर्ण ट्रफीलाई राष्ट्र प्रमुखहरू, फिफा अध्यक्ष र पूर्वविश्वकप च्याम्पियनहरूले मात्र छुन पाउने नियम रहेको छ ।

### नयाँ परिवर्तन

विश्वकप फुटबलका सिलसिलामा केही परिवर्तनहरू देख्न पाइने भएको छ । खेल सञ्चालनका लागि खटिने रेफ्रीहरूलाई सघाउन भिडियो सहायक रेफ्रीको व्यवस्था गरिएको छ । खेल सञ्चालनका क्रममा रेफ्रीले कुनै खेलाडीले समय खेर फालिरहेको देखेमा थ्रो-इन तथा गोल किकका लागि पाँच सेकेण्ड काउन्टडाउन गर्न सक्ने नियम बनाइएको छ । त्यो समयभित्र खेल पुनः सुरु गर्न असफल भएमा विपक्षी टोलीलाई अवसर दिइने नियम बनाइएको छ । यसअनुसार खेलाडीले ढिलो गोल किक प्रहार गरे विपक्षी टिमलाई कर्नर किकको अवसर प्रदान गरिने छ ।

खेल सञ्चालनका क्रममा रेफ्रीका निर्णयहरूको समीक्षा भिडियो सहायक रेफ्रीले गर्न सक्ने छन् । यसरी रेफ्रीले खेल सञ्चालन हुँदा देखाएका पहेँलो तथा रातो कार्डबारे पनि समीक्षा गर्न सकिने भएको छ । खेलका बेला कुनै पनि खेलाडीलाई मुख ढाक्न प्रतिबन्ध लगाइएको छ । खेलको समयमा कुनै खेलाडीले आफ्नो मुख हातले छोपेमा तुरुन्तै रातो कार्डको सामना गर्नुपर्ने भएको छ । कुनै खेलाडी परिवर्तन गरिँदा १० सेकेण्डभित्र मैदान छोडिसक्नुपर्ने व्यवस्था गरिएको छ । यस्तै खेलको बेला घाइते भएका खेलाडीलाई मैदान बाहिर उपचार गरिसकेपछि कम्तीमा ६० सेकेण्डसम्म मैदानबाट बाहिरै रहनुपर्ने नियम बनाइएको छ ।

### गर्मीको चुनौती

विश्वकप गर्मीयाममा सञ्चालन गरिने भएकाले खेल सञ्चालनका बेला खेलाडीहरूको सुविधाका लागि प्रत्येक खेलको प्रत्येक हाफमा तीन मिनेटको विश्राम दिइने भएको छ । प्रतियोगिता सञ्चालन गरिने सहरहरूमा हुने गरेको अत्यधिक गर्मी चिन्ताको विषय भएकाले खेल सुरु भएको २२औं तथा ६७औं मिनेटमा विश्राम दिइने व्यवस्था मिलाइएको छ । यस्तो विश्राम सबै खेलमा दिइने भएको छ । रंगशालाको तापक्रम जस्तोसुकै भएता पनि प्रत्येक खेलमा विश्राम दिइने नियम बनाइएको हो । यस अवधिमा खेलाडीलाई पानी पिउन, आराम गर्न तथा प्रशिक्षकलाई थप रणनीति बनाउन अनुमति दिइने छ । यसअघि तापक्रम ३१ डिग्री सेल्सियस नाघेको अवस्थामामात्र विश्राम दिइने गरिन्थ्यो ।

### नेपालको सहभागिता

नेपालले विश्वकप फुटबलमा सहभागिताका लागि लामो समयदेखि प्रयास गर्दै आएको भएता पनि हालसम्म सफलता मिल्न सकेको छैन । नेपालले हालसम्म नौवटा विश्वकप छनोट प्रतिस्पर्धामा भाग लिएता पनि नतिजा सन्तोषजनक हुनसकेको छैन । नेपालमा फुटबलको संस्थागत विकास भएको लामो समय भइसकेको भएता पनि नेपालका लागि विश्वकप फुटबल ज्यादै कठिन प्रतियोगिताका रूपमा रहेको छ । नेपालमा २००७ साल अगाडि नै तत्कालीन राणा शासनकालमा फुटबल संघको स्थापना भइसकेको थियो । नेपालले अन्तर्राष्ट्रिय फुटबल महासंघ फिफाको सदस्यता लिएको पनि ५० वर्ष नाघिसकेको छ । नेपालले विगत केही वर्षदेखि विश्वकपका लागि छनोट चरणमा खेल्दै आएता पनि त्यसभन्दा अगाडि भने बढ्न सकेको छैन । नेपाल विश्वकप २०२६ को छनोटमा प्रारम्भिक चरणमै रोकिएको थियो । नेपालले फिफाको विश्व वरीयताक्रममा लगातार सुधार नगरेसम्म नेपालको फुटबल टिमले विश्वकपका प्रारम्भिक चरणभन्दा अघि बढ्न कठिनाइ देखिएको छ । विश्वकपमा पुग्न पहिले एसियाली कपमा स्थापित हुनुपर्ने जरुरी देखिएको छ । एसियाकै उज्वेकिस्तान, जोर्डन तथा बहराइनजस्ता मुलुकले एसियाली कपको अनुभवपछि विश्वकपमा सहभागी हुने अवसर पाएका हुन् । नेपालमा सबैभन्दा लोकप्रिय खेल फुटबललाई विश्वकप लक्षित दीर्घकालीन योजनालाई प्राथमिकतापूर्वक अघि बढाउनुपर्ने आवश्यकता टड्कारो महसुस गरिएको छ ।

अन्त्यमा, विश्वकै सबैभन्दा ठूलो प्रतियोगिता मानिएको फिफा विश्वकप फुटबल प्रतियोगिताको अवधि हालसम्मकै सबैभन्दा लामो ३९ दिनसम्म सञ्चालन हुँदै छ । यो प्रतियोगिता समग्रमा विगतका प्रतियोगिताहरूभन्दा थप रोचक तथा रोमाञ्चक हुनसक्ने सम्भावना देखिएको छ । फुटबलमा आधिपत्य जमाइरहेका टिमहरूको अग्रता यसपटक पनि जारी रहने आकलन गर्न सकिन्छ तर कम चर्चित टिमलाई नकार्न सकिँदैन । प्रतियोगितामा सहभागी मुलुक धेरै भएकाले अप्रत्याशित नतिजा पनि आउनसक्ने सम्भावना पनि छँदै छ तर समूह चरणमै प्रत्येक टिमले खेल्न पाउने तीन-तीन खेलमै कडा प्रतिस्पर्धा हुने देखिएको छ ।

विश्वकपका खेलहरू सुरु भइसकेपछि टिमहरूले प्रारम्भिक खेलहरूमा देखाउने खेलको आधारमा आगामी नतिजाको आकलन गर्न सकिने छ । समग्रमा फिफा विश्वकप फुटबल सन् २०२६ ले विश्वभर छरिएका नागरिकहरूलाई फुटबलप्रति आकर्षित गर्दै विश्वलाई एक गाउँको रूपमा परिणत गर्न महत्त्वपूर्ण योगदान गर्ने छ । विश्वकपले फरक भूगोल, फरक भाषा तथा संस्कृति भएका मानिसहरूलाई खेलमार्फत जोड्दै छ । ठूलो होस् वा सानो भूभाग भएको राष्ट्र जोसुकै भए पनि एउटै मैदानमा स्वच्छ खेलको भावना राख्दै खेलिने यस प्रतियोगिताको माध्यमबाट शान्तिपूर्ण सहअस्तित्वको सन्देश प्रवाह हुन जाने आशा गरिएको छ । *रासस*

# 'जहाँ तीन विद्यार्थीका कारण विद्यालय छ'

**म्याग्दी–** यहाँको अन्नपूर्ण गाउँपालिका-४ भालेबासमा रहेको धवलागिरि आधारभूत विद्यालयमा विद्यार्थी र शिक्षक-कर्मचारीको संख्या बराबर रहेको छ ।

कक्षा ३ सम्म पठनपाठन हुने उक्त विद्यालयको कक्षा १ र २ मा विद्यार्थी संख्या शून्य छ । वि.सं. २०४० मा स्थापना भएको यस विद्यालयको बालकक्षामा एक जना र कक्षा ३ मा दुई जना विद्यार्थी छन् ।



यहाँ शिक्षक–कर्मचारीको संख्या पनि तीन नै रहेको छ । स्थायी दरबन्दीका शिक्षक शान्ति राम्जाली प्रधानाध्यापक, बालशिक्षा सहजकर्ता शिखा बोहोरा क्षेत्री र सुर्जना रोका सहयोगी छन् । यहाँ रहेका विद्यार्थीमध्ये जेसिका खड्का यसपालि बालकक्षामा भर्ना भएकी हुन् भने नेलसन रोका र श्रीसा खड्का कक्षा २ उत्तीर्ण भएर कक्षा ३ मा भर्ना भएका हुन् ।

प्रधानाध्यापक राम्जालीले बसाइँसराइ बढ्दै र जन्मदर घट्दै गएकाले त्यसको असर विद्यालयमा देखिएको बताइन् । 'विद्यालयको सेवा क्षेत्रमा पर्ने भालेबासमा १५ र कोप्चेपानीमा १० घरपरिवारको बसोबास छ,' उनले भनिन्, '२०७२ सम्म १५-२० जनासम्म विद्यार्थी थिए । नयाँ बच्चा जन्मने दर घटेको र बसाइँसराइ गरेर अन्यत्र जाने दर बढेकाले यस्तो समस्या भएको हो ।'

यसअघि वि.सं. २०७५ मा कोप्चेपानीमा रहेको विद्यालय भवन कालीगण्डकीमा आएको बाढीले बगाएपछि भालेबासमा स्थानान्तरण गरिएको थियो । सुविधायुक्त भवन, शौचालय र बालमैत्री कक्षा भए पनि विद्यार्थी संख्या न्यून हुँदा विद्यालय सुनसान छ । विद्यार्थी संख्या कम भएकाले गत वर्ष गाउँपालिकाले एक जना शिक्षकको दरबन्दी कटौती गरेको थियो ।

स्थानीयवासी तुलाराम बुढाले बसाइँसराइकै कारण गाउँ रित्तिँदै गएकाले विद्यार्थी संख्या पनि कम हुँदै गएको बताए । 'भालेबास र कोप्चेपानीको छिमेकी गाउँ गाडपार र काभ्रेमा पुग्न बालबालिकालाई करिब एक घण्टा पैदल हिँड्नुपर्छ,' उनले भने, 'गाउँमा भएका विद्यार्थीलाई शिक्षाको अधिकारबाट वञ्चित हुन नदिन संख्या कम भए पनि विद्यालय सञ्चालन गर्नुपर्ने बाध्यता छ ।'

अन्नपूर्ण गाउँपालिकाअन्तर्गत रहेका ठाडा, किन्दु, स्वाँत, घराप, चित्रेका आधारभूत विद्यालयमा पनि विद्यार्थी संख्या न्यून छ । भौगोलिक विकटता र छरिएका बस्तीहरूमा भएका विद्यालयमा विद्यार्थी संख्या कम भएपछि कक्षा घटुवा, दरबन्दी व्यवस्थापन गर्ने नीति लिएको गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए । *रासस*

# पोखरामा सुकुमबासी परिवारको जीवन बिमा

**कास्की–** पोखरा महानगरपालिका-१२ ले वडाभित्रका सुकुमबासी तथा न्यून कमाइ भएकाका लागि म्यादी जीवन बिमा कार्यक्रम सुरु गरेको छ । आर्थिक अभावका कारण बिमा सेवाको पहुँचबाट टाढा रहेका सुकुमबासी तथा विपन्न परिवारलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने उद्देश्यसहित वडाले लिवर्टी माइक्रो इन्स्योरेन्स कम्पनीमा ४४ परिवारको निःशुल्क जीवन बिमा गरिदिएको हो ।

दैनिक जीविकोपार्जनमै संघर्ष गरिरहेका परिवारलाई आकस्मिक दुर्घटना, बिरामी वा मृत्युजस्ता जोखिमबाट हुने आर्थिक क्षति कम गर्ने लक्ष्यका साथ कार्यक्रम सञ्चालन गरिएको वडा कार्यालयले जनाएको छ । विशेषगरी वडाभित्र अस्थायी रूपमा बसोबास गर्ने सुकुमबासी तथा न्यून आय भएका परिवारलाई लक्षित गरी बिमा सुविधा उपलब्ध गराइएको हो ।

वडाध्यक्ष सन्तोष बास्तोलाले सामाजिक सुरक्षाको पहुँच सबै नागरिकसम्म पुर्‍याउने अभियानअन्तर्गत उक्त कार्यक्रम ल्याइएको बताए । 'दुर्घटना वा अन्य अप्रत्यासित घटनाले विपन्न परिवारलाई झन् ठूलो समस्यामा पार्ने गर्दछ । त्यस्ता परिवारलाई न्यूनतम आर्थिक सुरक्षा प्रदान गर्ने उद्देश्यले जीवन बिमा कार्यक्रम सञ्चालन गरेका हौं,' उनले भने ।

म्यादी जीवन बिमा कार्यक्रमअन्तर्गत प्रतिव्यक्ति वार्षिक २५० रूपैयाँ बिमा शुल्कमा एक लाख रूपैयाँसम्म उपचार सुविधा र बीमित व्यक्तिको मृत्यु भएमा परिवारले एक लाख ५० हजार रूपैयाँसम्म राहत रकम प्राप्त गर्ने व्यवस्था गरिएको छ । वडा कार्यालयले यस कार्यक्रमका लागि चालु आर्थिक वर्षमा ५० हजार रूपैयाँ बजेट विनियोजन गरेको थियो ।

न्यून शुल्कमा उपलब्ध हुने यो सुविधाले आर्थिकरूपमा कमजोर परिवारलाई ठूलो राहत पुग्ने अपेक्षा गरिएको वडा सदस्य शान्ति कोइरालाले बताए । वडाले बिमा कार्यक्रमसँगै लक्षित समुदायलाई जीवन बिमाको आवश्यकता, प्रक्रिया र लाभबारे सचेतना कार्यक्रमसमेत सञ्चालन गरेको छ ।

सहभागीलाई बिमाले आकस्मिक जोखिम व्यवस्थापन, परिवारको भविष्य सुरक्षा तथा आर्थिक स्थायित्व कायम गर्न सहयोग पुर्‍याउने विषयमा जानकारी दिइएको थियो । बिमा सेवाबाट वञ्चित समुदायलाई सुरक्षाकवच प्रदान गर्ने भएकाले अन्य वडालाई यस्ता कार्यक्रम सञ्चालन गर्न प्रेरित गर्ने विश्वास गरिएको वडाध्यक्ष बास्तोला बताउँछन् । *रासस*

# बाढीले क्षति पुगेको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तीव्र

**रसुवा–** गत वर्ष असार २४ मा ल्हेन्दे खोलामा आएको बाढीले क्षति पुर्‍याएको १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत् आयोजनाको पुनर्निर्माण तथा मर्मत तीव्रगतिमा अगाडि बढाइएको छ ।

बाढीका कारण भोटेकोशी खोलास्थित बाँध संरचनामा क्षति पुगेपछि आयोजनाको उत्पादन प्रभावित भएको थियो । हाल बाँधस्थलमा थुप्रिएको अवरोध हटाउने कार्य द्रुतरूपमा अघि बढिरहेको आयोजनाले जनाएको छ । आयोजनाका कार्यकारी प्रमुख सत्यराम ज्याख्वका अनुसार बालुवा थिग्र्याउने पोखरी (डिसिल्टिङ बेसिन) मा जम्मा भएका अवरोध हटाइसकिएको छ भने 'हेडरेस' सुरुङ तथा विद्युत् उत्पादनसँग सम्बन्धित उपकरणको सफाइसमेत सम्पन्न गरिएको छ ।

बाढीले कटान गरेको बाहच संरचनाअन्तर्गत डयाम तथा विद्युत्गृह जाने पहुँचमार्गमा रहेको पक्की पुलको संरक्षणका लागि दायाँ-बायाँ पर्खाल निर्माण कार्य जारी छ । आयोजनाले २०८१ पुस १६ गतेदेखि व्यावसायिकरूपले उत्पादन सुरु गरेको थियो । तर २०८२ असार २४ गतेको बाढीले बाहिरी सतहको डयाम संरचनामा क्षति पुर्‍याएपछि आयोजना पूर्णरूपमा बन्द हुन पुगेको बताइएको छ । त्यसपछि सुरुङ तथा उपकरणहरूको सफाइ गरी मंसिर २० गतेदेखि पुनः विद्युत् उत्पादन सुरु गरिएको थियो ।

करिब २३ अर्ब ७३ करोड रूपैयाँ लागतमा आयोजना निर्माण भएको थियो । आयोजनामा ४.८ किलोमिटर लामो हेडरेस सुरुङमार्फत प्रतिसेकेण्ड ८० घनमिटर पानी विद्युत्गृहमा पुर्‍याइन्छ । त्यहाँ जडान गरिएका तीनवटा फ्रान्सिस टर्बाइनबाट अधिकतम् १११ मेगावाट विद्युत् उत्पादन गर्ने क्षमता रहेको आयोजनाका केन्द्र प्रमुख सन्तोष अधिकारीले बताए । *रासस*

# 'प्रथम कर्णाली प्रदेश मनसुन फोरम' सम्पन्न

**कर्णाली–** मनसुनजन्य विपद्को सम्भावित जोखिम पूर्वानुमान, पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी 'प्रथम कर्णाली प्रदेश मनसुन फोरम २०२६' सम्पन्न भएको छ ।

जल तथा मौसम विज्ञान कार्यालय सुर्खेत र पिपल इन निड (पिन) प्रतिबद्ध-३ परियोजनाको सहकार्यमा मंगलबार सुर्खेतको वीरेन्द्रनगरमा उक्त फोरम सम्पन्न भएको हो । फोरममा कर्णाली प्रदेशका प्रमुख सचिव वीरेन्द्रकुमार यादवले कर्णालीका ३० स्थानीय तहमा अझै मौसम मापन केन्द्र नभएकाले प्रदेश सरकारले त्यसको व्यवस्थापनका लागि आवश्यक उपकरणमा सहयोग गर्ने बताए ।

जल तथा मौसम विज्ञान कार्यालय सुर्खेतकी प्रमुख डा. इन्दिरा कँडेलले जल तथा मौसमजन्य विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा जल तथा मौसम विज्ञान विभाग तथा अन्तर्गतका कार्यालयहरूको भूमिका, मनसुन सिजन २०८३ को जलवायु आकलनसम्बन्धी प्रस्तुतीकरण गरेकी थिइन् ।

पिपल इन निड (पिन) प्रतिबद्ध-३ परियोजना (पिन)का कर्णाली प्रदेश संयोजक उज्ज्वल अधिकारीले मनसुन पूर्वतयारी तथा सम्भावित प्रभावबारे प्रस्तुतीकरण गर्दै २०८३ सालमा मनसुनजन्य विपद्बाट देशभर ५९ हजार ८६८ घरपरिवारका दुई लाख २६ हजार ६६१ जनसंख्या प्रभावित हुने जानकारी दिए । उनले भने, 'मनसुनजन्य विपद्बाट ५१.१० प्रतिशत महिला र ४८.९० प्रतिशत पुरुष प्रभावित हुने आकलन गरिएको छ । जसमा २१ प्रतिशत वृद्धवृद्धा, आठ प्रतिशत बालबालिका, २.५ प्रतिशत अपांगता भएका व्यक्ति र दुई प्रतिशत प्रजनन उमेर समूहका महिलासमेत प्रभावित हुने देखिन्छ ।'

यसबाट सबैभन्दा बढी लुम्बिनीमा ५१ हजार ६२६ र कर्णालीमा सबैभन्दा कम १३ हजार १७५ जनसंख्या प्रभावित हुने तथ्यांकमा उल्लेख छ ।

फोरममा सामाजिक विकास मन्त्रालयका सचिव रोशनीकुमारी श्रेष्ठ, भौतिक सचिव अर्जुनकुमार बम, उद्योग तथा पर्यटन सचिव अजितकुमार कर्णलगायत प्रदेश तथा जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, विषयगत क्षेत्र, विकास साझेदारलगायत क्षेत्रका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो । *रासस*

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०२/२८

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले मोबाइल/स्मार्ट फोन कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक टेलिफोन मार्फत मौखिक रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीहरुलाई सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं प्रचलित कानून बमोजिम अन्य कुनै व्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशानुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

तपसिल

| क्र.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी जिल्ला | जारी मिति | बाबुको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | जीतेन्द्र राय | १९-०१-७५-०१४२२ | सर्लाही | २०७५/०२/०९ | राम रेखा राय कुर्मी | बिहारी राय | बलरा-२, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | राम बालक प्रसाद पटेल | ३२३०४२-४ | रौतहट | २०७०/०२/१९ | रामश्री | अनुथा राउत | इनवारी-२, रौतहट |
| २ | भुमीराज पाखीन | ३१-०१-७०-११४२७ | मकवानपुर | २०७०/१०/२९ | राम बहादुर पाखीन | धन बहादुर पाखीन | मनहरी-४, मकवानपुर |
| व्यक्तिगत जमानीकर्ता | विमला माया ग्याबा | ३१-०१-७६-०५५२५ | मकवानपुर | २०७६/०६/०५ | मंगल बहादुर ग्याबा | लाल बहादुर ग्याबा | राक्सिराङ्ग-३, मकवानपुर |
| ३ | दिपक कुमार सिंह | १७-०१-८०-०७०८९ | धनुषा | २०८०/०४/०९ | हिरालाल महतो | लक्ष्मी महतो | मिथिला-३, धनुषा |
| व्यक्तिगत जमानीकर्ता | मिथुन कुमार महतो | १७-०१-७३-१३७०० | धनुषा | २०६३/१२/०६ | राज कुमार महतो कोइरी | राम बरण महतो | क्षीरेश्वरनाथ-९, धनुषा |
| ४ | निवास कुमार गुप्ता | ३३-०१-७४-०८०४६ | बारा | २०७४/०८/२६ | ज्ञानेश्वर प्र.गुप्ता | अकशै लाल साह कानु | प्रसौनी-३, बारा |
| व्यक्तिगत जमानीकर्ता | जयकिशन कुमार यादव | ३३-०१-७८-०७०३३ | बारा | २०७८/०७/०४ | राजवंशी प्रसाद यादव | गारोगा राउत अहिर | प्रसौनी-३, बारा |
| ५ | करण ठाकुर बरही | १७-०१-७९-०८२२८ | धनुषा | २०७९/०५/०८ | भिखारी ठाकुर बरही | जगदेव ठाकुर बरही | मिथिला-५, धनुषा |
| व्यक्तिगत जमानीकर्ता | नागेन्द्र ठाकुर बरही | १७-०१-८१-०४०३० | धनुषा | २०८१/०३/१० | जगेश्वर ठाकुर | जगदेव ठाकुर बरही | गणेशमान चारनाथ-१, धनुषा |
| ६ | लालमहमद अंसारी | २२५७३ | बारा | २०६३/०७/१५ | अलिजान मिया जोलाहा | जगु मिया | अमृतगञ्ज-२, बारा |
| व्यक्तिगत जमानीकर्ता | खुसबुल नेशा | ३३३००२/३१ | बारा | २०६३/१०/२९ | फरमूद मियाँ | मसिर मिया अंसारी | अमृतगञ्ज-२, बारा |
| ७ | रवि कुमार पटेल | ३३३०८९/३१ | बारा | २०६३/११/२३ | जै राउत कुर्मि | देवी की राउत कुर्मि | वहुअरि-३, बारा |
| व्यक्तिगत जमानीकर्ता | रामरोशन कुमार पटेल | ३३१०८९/१३७०३ | बारा | २०६६/०३/०४ | धुर्व राउत कुर्मी | झकर राउत कुर्मी | वहुअरि-३, बारा |
| ८ | आकृती कुमारी | १९-०१-८२-०३८६२ | सर्लाही | २०८२/०३/२३ | धिरेन्द्र कुमार सिंह | नन्दलाल सिंह | मलंगवा-१०, सर्लाही |
| व्यक्तिगत जमानीकर्ता | आरती देवि | १९३००३५४ | सर्लाही | २०६३/११/०७ | चन्द्र वंशी सिंह | राम चन्द्र सिंह | मलंगवा-१०, सर्लाही |
| ९ | प्रमिश श्रेष्ठ | ०५-०२-७९-०७३९७ | मोरङ्ग | २०७९/१०/१० | शेर बहादुर श्रेष्ठ | चक्र बहादुर श्रेष्ठ | बेलवारी-११, मोरङ्ग |
| व्यक्तिगत जमानीकर्ता | गुन ध्वज मृङचिङ | १९-०२-७३-०३१५३ | सर्लाही | २०७३/०७/०५ | धन बहादुर मृङचिङ | मकरध्वज मृङचिङ | परवानीपुर-५, सर्लाही |
| १० | सलमान मिया तेली | ३४-०१-८०-११९१५ | पर्सा | २०८०/०६/१८ | निजामुदिन मिया तेली | राजाहुसन मिया तेली | बीरगंज-२, पर्सा |
| व्यक्तिगत जमानीकर्ता | रोजी खातुन | ३४-०१-७८-०२८०९ | पर्सा | २०७८/०५/०४ | नसिर उल्ला देवान | इशु देवान | बीरगंज-१, पर्सा |
| ११ | सन्तोष कुमार यादव | १५-०२-००१९९ | सिरहा | २०७८/०३/३१ | लोचन प्रसाद यादव | अहुकन लाल यादव | सखुवानन्कारकट्टी-५, सिरहा |
| व्यक्तिगत जमानीकर्ता | अभिनास कुमार झा | १५-०२-७४-०३९०५ | सिरहा | २०७४/११/१० | नव जिवन झा | श्री कालीकान्त झा | लहान-१४, सिरहा |
| १२ | अमृत घले | २४-०-७०-००९५२ | सिन्धुपाल्चोक | २०७०/०२/०९ | सुरथ बहादुर घले | पुर्ण बहादुर घले | चौतारा-८, सिन्धुपाल्चोक |
| व्यक्तिगत जमानीकर्ता | डोलेन्द्र घले | ६५९२८ | सिन्धुपाल्चोक | २०५१/०२/९ | दिल बहादुर घले | लोक बहादुर घले | चौतारा-८, सिन्धुपाल्चोक |
| १३ | रतन सिंह धामी क्षेत्री | ४८४६२९६१ | कन्चनपुर | २०५३/०२/३० | चन्द्र सिंह धामी | अर्जुन सिंह धामी क्षेत्री | शुक्लाफाँट-७, कन्चनपुर |
| व्यक्तिगत जमानीकर्ता | रुपा अर्याल निरौला | ९२५३९/९३५३९ | सुनसरी | २०६१/०८/२३ | राजु अर्याल | राम प्रसाद अर्याल | प्रकाशपुर-७, सुनसरी |
| १४ | किरण कुमार पुलामी | ३०-०१-७४-०८७७९ | काभ्रेपलाञ्चोक | २०७४/०६/०१ | शिव बहादुर पुलामी | धन बहादुर पुलामी | महाभारत-८, काभ्रेपलाञ्चोक |
| व्यक्तिगत जमानीकर्ता | मनिका अस्तानी मगर | ३०-०२-८२-०००७८ | काभ्रेपलाञ्चोक | २०८२/०१/२१ | यान बहादुर अस्तानी मगर | सुर्य बहादुर अस्तानी मगर | महाभारत-८, काभ्रेपलाञ्चोक |

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## मलेसियामा रोजगार

कम्पनी : WINCHESTER INTERCONNECT SDN BHD
Address: Lorong Perusahaan Marju 8

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343250 | चलानी नं. ६०२५६५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 0 | 21 | 1700 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२७५/०७४/७५

SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

## ZERO COST RECRUITMENT OPPORTUNITY FOR UAE !!!
## शुन्य लागत अन्तर्गत युएइमा वैदेशिक रोजगारको अवसर ।

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क स्वास्थ्य जाँच, निःशुल्क भर्ना प्रक्रिया, सेवाशुल्क नलाग्ने, तलब कटौती नहुने, नगदजम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित

COMPANY: Vertiv Gulf Llc Opc
कम्पनी : भर्टिभ गल्फ एलएलसी ओपीसी

Pre Approval Date : 2026-06-10 | LT. No. 343347 | Invoice No. 60256593
पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | एल टि न. ३४३३४७ | चलानी नं. ६०२५६५९३

| सि.नं. S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलबः Monthly Salary रिंगिट AED | ने.रू. NPR | ओभर टाईम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | वार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविधा Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. / 1. | प्रडक्सन अपरेटर / General Operator | ५० / 50 | 0 / 0 | आधारभुत अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा दक्ष / Proficient in reading, writing & speaking basic English | १४०० / 1400 | ५८,१३२ / 58,132 | क. नियम अनुसार / As per the company rule | ८ घण्टा / 8 Hours | ६ दिन / 6 Days | क. नियम अनुसार / As per the company rule | छैन / No | छ / Yes | दुई वर्ष / 2 Years |
| १. / 1. | हेल्पर / Helper | १०० / 100 | 0 / 0 | | १२०० / 1200 | ४९,८२७ / 49,827 | | | | | | | |
| १. / 1. | मेसिन अपरेटर / Machine Operator | ५० / 50 | 0 / 0 | | १५०० / 1500 | ६२,२८४ / 62,284 | | | | | | | |

The final interview will be conducted in Basundhara, Kathmandu, Wave Banquets & Events Restaurant & Bar Health Club on 18/19th June 2026.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : बसुन्धारा, काठमाडौं, वेभ बैंक्वेट्स एन्ड इभेन्ट्स रेस्टुरेन्ट एन्ड बार हेल्थ क्लबमा मितिः २०८३ असार ४ र ५ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता जारी छ ।

नोटः आवेदकहरूलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा यस प्रा.लि.मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरूले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to Himalayan H. R. Nepal Pvt. Ltd. to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कस्ले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कस्ले दिने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | भिषा स्टाम्पिङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रू.७०० ।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | रोजगारदाताले व्यहार्ने By the Employer |

कल्याणकारी कोष सम्बन्धी व्यवस्था : ने.रू.१५०० ।- रोजगारदाताले व्यहोर्ने
Management of Workers Welfare Fund NPR 1500/- By the Employer

सेवा शुल्क कस्ले व्यहोर्ने who will bear the Service Fee — रोजगारदाताले व्यहोर्ने By the Employer

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने ।
Himalayan Human Resources Nepal Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

श्रम ईजाजत नं. ४५१/०६०/६१

HIMALAYAN HUMAN RESOURCES NEPAL PVT. LTD.
Basundhara Chowk-8,Tokha, Kathmandu, Nepal, Tel: 01-4354342, Rabi Raj Karki 9705519377
E-mail : hrnhimalayan@gmail.com, Web: www.hrnhimalayan.com

प्रभाव दैनिक

बिहीबार, २८ जेठ २०८३ (Thursday, 11 June 2026)




### 'भागदौड' असार २६ देखि प्रदर्शनमा

फिल्म 'भागदौड' आगामी असार २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण युनिटले मंगलबार फिल्मको दुई फरक पोष्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी दिएको हो। पोस्टरमा फिल्मका प्रमुख कलाकारहरूलाई देख्न सकिन्छ। हिमाल उप्रेतीको लेखन तथा निर्देशन रहेको फिल्ममा अनिशा श्रेष्ठ, घनश्याम जोशी, शारदा राई (सारा), विशाल पोखरेल, शेखर चापागाईं, देशभक्त खनाल, लक्ष्मी गिरी, शंकर महर्जन र सुवास तिमिल्सिना लगायतका कलाकारहरूको अभिनय छ। विश्वराम बिष्टको प्रस्तुतकर्ता रहेको फिल्ममा अंगिरा थापा कार्यकारी निर्माता रहेकी छन् भने सह-निर्माताहरू भूपेन्द्रकुमार खड्का, सागर पुरी र सुरेश गिरी हुन्।




# चलचित्रको विकासमा पत्रकारिताको भूमिका महत्त्वपूर्णः अध्यक्ष डिसी

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले चलचित्र क्षेत्रको विकासमा पत्रकारिताको भूमिका महत्वपूर्ण भएको बताए। स्वस्थ समीक्षा र तथ्यपरक पत्रकारिताले नेपाली चलचित्र उद्योगलाई थप सशक्त बनाउन योगदान पुऱ्याउने उनको धारणा थियो।

आइडिया ग्रोभको आयोजनामा तथा चलचित्र विकास बोर्डको सहकार्यमा बुधबार अनामनगरस्थित सिलौटो कटेजमा आयोजित तीन दिने चलचित्र समीक्षा तथा चलचित्र पत्रकारिता तालिमको समापन समारोहमा बोल्दै डिसीले चलचित्रका सकारात्मक तथा आलोचनात्मक पक्षलाई सन्तुलित ढंगले प्रस्तुत गर्नुपर्ने धारणा राखे।



'चलचित्र पत्रकारिताले चलचित्रलाई व्यावसायिकता र नयाँ ऊर्जा थप्ने विश्वास छ', डिसीले भने 'चलचित्र पत्रकारहरूको क्षमता अभिवृद्धिका लागि बोर्डले आवश्यक सहयोग र सहकार्यलाई निरन्तरता दिन तयार छ।'

चलचित्र पत्रकारिताको गुणस्तर अभिवृद्धि गर्ने, समीक्षा लेखनलाई व्यावसायिक, जिम्मेवार र तथ्यपरक बनाउने उद्देश्यले आयोजित तालिममा विभिन्न सञ्चारमाध्यममा आबद्ध २५ पत्रकार सहभागी थिए।

तालिममा चलचित्र समीक्षा लेखन, चलचित्र पत्रकारिताको वर्तमान अवस्था, समीक्षा लेखनका मापदण्ड, चलचित्रको कलात्मक तथा प्राविधिक पक्षको मूल्यांकन, दर्शक दृष्टिकोण र जिम्मेवार सञ्चार अभ्यासलगायत विषयमा प्रशिक्षण दिइएको थियो। तालिममा राजेश गंगाजु, अखण्ड भण्डारी र शान्तराम बिडारीले सहजीकरण गरेका थिए। तीन दिनसम्म चलेको तालिम अन्तरक्रिया, अनुभव आदानप्रदान र अभ्यासमूलक सत्रसहित सम्पन्न भएको थियो।

# रोयल्टी संकलन समाजद्वारा रोयल्टी वितरण

■ प्रभाव संवाददाता

**काठमाडौं** – संगीत रोयल्टी संकलन समाज नेपालले गीतकार तथा संगीतकारहरूलाई रोयल्टी वितरण गरेको छ। समाजले टिकटक, यातायात क्षेत्र, रेडियो, होटल तथा स्वदेश र विदेशबाट संकलित रोयल्टी रकम गीतकार तथा संगीतकारहरूलाई वितरण गरेको हो।

संगीत रोयल्टी संकलन समाज नेपालले आफ्नो स्थापना दिवस तथा १९औं वार्षिकोत्सवको अवसर पारेर काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा-प्रतिष्ठानमा कार्यक्रम गर्दै संस्थामा सदस्यता लिएर आफ्ना गीत तथा सिर्जना दर्ता गरेका गीतकार, संगीतकार र (श्रस्टाहरूको अनुमती प्राप्त) प्रकाशकहरूलाई रोयल्टी वितरण गरेको हो।




समाजमा दर्ता नभएका गीत तथा स्रष्टाहरूको अभिलेख उपलब्ध नहुने भएकाले उनीहरू रोयल्टीबाट वञ्चित हुने गरेका छन्। यस विषयलाई केन्द्रमा राख्दै प्रमुख कार्यकारी सागर पाण्डेको संयोजकत्वमा रोयल्टी प्राप्तिका प्रक्रिया, आवश्यक मापदण्ड तथा रोयल्टी संकलन हुने विभिन्न क्षेत्रबारे जानकारीमूलक प्रस्तुति गरिएको थियो।

संगीत रोयल्टी समाज नेपालको वेभसाइट पनि सार्वजनिक गरिएको छ। यस संस्थाको सदस्यता लिएका गीतकार र संगीतकारहरूले वेबसाइटमा लगइन गरी आफ्नो मोबाइल नम्बर र पासवर्ड राखेर कुन गीतको केके बाट कति रकम जम्मा भयो भन्ने जानकारी प्राप्त गर्न सक्नेछन्।

जम्मा भएको रकम आफ्नो अनुकुल अनुसार आफूले चाहेको समयमा सिधै आफ्नै बैंक खातामा जम्मा गर्न सकिने बेबस्था पनि गर्न लागेको समाजले जनाएको छ।

समाजको कार्यालयमा उपस्थित हुन नसक्ने गीतकार र संगीतकारहरूले फोन मार्फत जानकारी लिई अथवा वेबसाइटबाटै आफ्नो गीतहरू दर्ता गर्न सकिने संगीत रोयल्टी समाज नेपालका अध्यक्ष अधिकारीले जानकारी दिएका छन्।

## रंगशाला

**एसिसी महिला प्रिमियर कप**

# थाइल्याण्डसँग पराजित भएसँगै टोली एसिया कपमा पुगेन नेपाल




■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिसी महिला प्रिमियर कपको क्वार्टरफाइनलमा थाइल्यान्डसँग ५६ रनको फराकिलो हार बेहोरेसँगै नेपाल एसियन कपमा छनोट हुन असफल भएको छ।

मलेसियाको बायुमास क्रिकेट ओभलमा सम्पन्न खेलमा थाइल्यान्डले दिएको १३१ रनको चुनौतीपूर्ण लक्ष्य नेपालले पछ्याउन सकेन। २० ओभरको समाप्तिमा सात विकेट गुमाएको नेपालले मात्र ७४ रन जोड्न सक्यो।

नेपालका लागि रुवीना क्षेत्रीले २३ बलमा तीन चौकासहित अविजित २० रन बनाइन्। त्यस्तै चौथो नम्बरका सोनी पाखिनले १५ रन जोड्दा तल्लो क्रमका सीता रानामगर पनि १२ रनमा अविजित रहे। यसैगरी ओपनर सम्झना खड्काले पनि १२ रन जोडिन्। अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

थाइल्यान्डका लागि थिपात्चा पुथावङ, सुनीदा चातुरोङ्गात्तना र सुलीपोर्न लाओमीले समान दुई विकेट लिए। त्यस्तै फान्निता मायाको नाममा एक विकेट रह्यो।

त्यसअघि टस जितेर ब्याटिङमा उत्रिएको थाइल्यान्डका लागि विकेटकिपर ब्याटर नन्नपत कोन्चारोएन्काईले ५१ बलमा ६ चौकासहित ६२ रन बनाइन्। यसैगरी फन्निता मायाले २६ र चनिदा सुथिरुवाङले १६ रनको योगदान गरे। नेपालका लागि कवीता कुँवर, रिया शर्मा, रुवीना क्षेत्रीले समान एक विकेट लिए।

# काठमाडौं महानगर कप ब्याडमिन्टन हुने

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिका तथा काठमाडौं जिल्ला ब्याडमिन्टन संघको संयुक्त आयोजनामा 'काठमाडौं महानगर कप-वडा स्तरीय ब्याडमिन्टन प्रतियोगिता २०८३' हुने भएको छ।

काठमाडौंका ३२ वटै वडाबीच हुने ऐतिहासिक महानगरीय ब्याडमिन्टन प्रतिस्पर्धा यही असार १२ देखि १४ गतेसम्म हुन लागेको हो। प्रतियोगिता काठमाडौं-१५ स्थित एनओसी भूकम्प स्मृति कभर्ड हल, डल्लु आवासमा सञ्चालन हुनेछ।




प्रतियोगितालाई काठमाडौंको हालसम्मकै सबैभन्दा ठूलो सामुदायिक ब्याडमिन्टन प्रतियोगिताका रूपमा परिकल्पना गरिएको छ। जसले काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका प्रतिनिधिहरूलाई एउटै खेल मैदानमा एकत्रित गर्ने विश्वास गरिएको छ।

प्रतियोगितालाई युवा विकास, सामुदायिक सहभागिता तथा स्वस्थ समाज निर्माणतर्फको महत्वपूर्ण लगानीको रूपमा लिन सकिने काठमाडौं जिल्ला ब्याडमिन्टन संघका अध्यक्ष दीपक थापाले बताए।

प्रतियोगिताको कूल बजेट ३६ लाख रूपैयाँ छ। जसमध्ये ३० लाख काठमाडौं महानगरपालिका तथा ६ लाख रूपैयाँ जिल्ला संघ आफैले ब्यहोर्नेछ।


**जापानमा रोजगार** — कम्पनी : GOKEICLOUD COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 341404 | चलानी नं. ६०२५६५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 3 | 0 | 183545 | १,७४,९०५ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

कम्पनी : KANSAI KEIZAI KORYUKAI COOPERATRATIVE SOCIETY

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 341015 | चलानी नं. ६०२५६५६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 2 | 0 | 177156 | १,६८,६२० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
■ १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**R.K. INTERNATIONAL H.R. SOLUTIONS PVT.LTD**
KMC-26, Samakhusi, Kathmandu, Nepal, Tel: 01-5919792, Mobile: +9779856006311,
WhatsApp: +977-9856006311, E-mail: adminrkinepal@gmail.com, drbastola12@gmail.com
श्रम इजाजत नं. १६३७/०८०/८१

**युएइमा रोजगार** — कम्पनी : Sinopec Engineering- Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८२/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 336090 | चलानी नं. ६०२४९६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 2 | 0 | 1000 | ४१,५२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drilling Operator | 43 | 0 | 1500 | ६२,२८४ | | | | | | | |
| 3 | Painter | 8 | 0 | 1500 | ६२,२८४ | | | | | | | |
| 4 | Scaffolder | 8 | 0 | 1500 | ६२,२८४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**All Skills International Human Resource Pvt.ltd.**
Maharajganj-03, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, +977 986-9422479
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com
श्रम इजाजत नं ९५७/०६७/०६८

**साउदीमा रोजगार** — कम्पनी : NAS MANPOWER SOLUTIONS CO...

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343275 | चलानी नं. ६०२५६५६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 49 | 0 | 1000 | ४०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Kapeel Manpower Pvt. Ltd.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np
श्रम इजाजत नं. १८५/०५७/०५८

**कुवेतमा रोजगार** — कम्पनी : OAK AND SMOKE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 319735 | चलानी नं. ६०२३३९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Commi 3. | 3 | 0 | 140 | ६९,२१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook/commis I | 3 | 0 | 180 | ८८,९९५ | | | | | | | |
| 3. | Section Cook/commis Ii | 4 | 0 | 150 | ७४,१६३ | | | | | | | |
| 4. | Waiter/waitress | 6 | 0 | 130 | ६४,२७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय, काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Govt. License No. 1613/079/080
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : AL-DAWLI AL SATI LAUNDRY FOR CARS SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343212 | चलानी नं. ६०२५६५२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 1 | 0 | 1200 | ४८,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०४/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 329083 | चलानी नं. ६०२४२९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticketing Staff | 78 | 0 | 1500 | ६२,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta),
+9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : MANSOUR HAMAD AL-HARBI FOUNDATION — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343270 | चलानी नं. ६०२५६५५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista coffee maker | 1 | 0 | 1400 | ५७,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FARAH CHILDREN'S HAIR SALON — शेवा शुल्कः निःशुल्क

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343271 | चलानी नं. ६०२५६५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 2 | 0 | 1600 | ६५,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४
Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid sir), E-mail : alkausar.hrm@gmail.com

**साउदीमा रोजगार** — कम्पनी : MADAD LOGISTICS SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343188 | चलानी नं. ६०२५६५४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver Light | 3 | 0 | 1800 | ७३,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Amal Saleh Mufdi Al-Sharari Sweets and Nuts Establishment

पूर्व स्वीकृति मिति : २०८३/०२/२६ | LT. No. 343155 | चलानी नं. ६०२५६५३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker For Workshop | 3 | 0 | 1000 | ४०,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th Jun. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
श्रम इजाजत नं. ५७४/०६२/०६३
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492, Kumar Tamang +977 985-1118313
E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com




क्यानडाको ब्रिटिस कोलम्बियाको भ्यानकुभर सहरमा फिफा विश्वकप–२०२६ को आधिकारिक सामग्री बिक्रीका लागि खोलिएको पसलभित्र किनमेल गर्दै मानिसहरू । भ्यानकुभरले विश्वकपका लागि विश्वभरका समर्थकहरूलाई स्वागत गर्न अन्तिम तयारी गरिरहेको छ । *तस्बिरः एएफपी*

# सीको उत्तर कोरिया भ्रमणपछि सम्बन्धको नयाँ खाका

**सियोल–** चिनियाँ राष्ट्रपति सी चिनफिङको प्योङयाङ भ्रमणपछि उत्तर कोरिया र चीनले द्विपक्षीय सम्बन्धलाई थप रणनीतिक र दीर्घकालीनस्तरमा लैजाने प्रतिबद्धता व्यक्त गरेका छन् । उत्तर कोरियाली सरकारी समाचार संस्था केसिएनएका अनुसार दुवै देशका नेताहरूले सम्बन्धको भविष्यका लागि 'दूरगामी खाका' तयार पार्दै परम्परागत मित्रतालाई अझ सुदृढ बनाउने सहमति जनाएका छन् ।



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलगायत विश्व नेताहरूसँग बेइजिङमा उच्चस्तरीय भेटवार्ता सम्पन्न गरेलगत्तै सीले सोमबार उत्तर कोरियाको दुर्लभ भ्रमण गरेका थिए । उत्तर कोरिया र रुसबीच पछिल्लो समय असाधारणरूपमा नजिकिएको सम्बन्धकाबीच भएको यो भ्रमणलाई क्षेत्रीय शक्ति सन्तुलनसँग जोडेर हेरिएको छ ।

केसिएनएका अनुसार सी चिनफिङ र किम जोङ उनले दुई देशबीचको सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने विषयमा सन्तुष्टि व्यक्त गरेका छन् । दुईदिने भ्रमणका क्रममा दुवै पक्षले क्रान्तिकारी मित्रता, राजनीतिक विश्वास र रणनीतिक सहकार्यलाई थप मजबुत बनाउने दृढता दोहोऱ्याएका छन् ।

भ्रमणका क्रममा सी र किमले वर्कर्स पार्टीको केन्द्रीय क्याडर प्रशिक्षण विद्यालयको संयुक्त अवलोकन गरेका थिए । त्यहाँ उनीहरूले पार्टी नेतृत्व विकास र राजनीतिक प्रशिक्षणबारे छलफल गरेको केसिएनएले जनाएको छ । त्यसपछि दुवै नेताले कोरियाली युद्धमा ज्यान गुमाएका चिनियाँ सैनिकहरूको सम्मानमा निर्माण गरिएको मैत्री स्मारक परिसरमा वृक्षरोपण गरेका थिए ।

सीलाई प्योङयाङमा विशेष सम्मानसहित स्वागत गरिएको थियो । उनी आफ्नी पत्नी तथा वरिष्ठ सरकारी प्रतिनिधिमण्डलसहित उत्तर कोरिया पुगेका थिए । भ्रमण सम्पन्न भएपछि किमलाई पठाएको सन्देशमा सीले दुवै पक्षले साझा चासोका विषयमा गहन विचार आदानप्रदान गरी महत्त्वपूर्ण समझदारी हासिल गरेको उल्लेख गरेका छन् ।

सीका अनुसार यो सहमतिले परम्परागत मित्रतालाई नयाँ ऊर्जा दिने, साझा विकास र समृद्धिलाई प्रोत्साहन गर्ने तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय शान्ति तथा स्थिरताको संरक्षण गर्ने दुवै देशको प्रतिबद्धता झल्काउँछ । चिनियाँ सरकारी समाचार संस्था सिन्ह्वाले पनि सी र किमबीच नयाँ युगअनुसार चीन-उत्तर कोरिया सम्बन्ध विकास गर्ने विषयमा महत्त्वपूर्ण सहमति भएको जनाएको छ । बेइजिङका सरकारी सञ्चारमाध्यमका अनुसार सीले कूटनीतिक, सुरक्षा, कानुन कार्यान्वयन तथा सैन्य सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिएका थिए ।

विश्लेषकहरूका अनुसार सैन्य सहकार्यलाई प्राथमिकता दिनुको उद्देश्य उत्तर कोरियाली सेनाभित्र भइरहेका प्राविधिक परिवर्तन तथा रुससँगको बढ्दो सैन्य सम्बन्धको प्रत्यक्ष मूल्यांकन गर्नु पनि हुन सक्छ । दक्षिण कोरियास्थित कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका विश्लेषक होङ मिनले चीनले उत्तर कोरियाभित्र रुससमर्थक र चीनसमर्थक प्रभावको अवस्थाबारे थप जानकारी संकलन गर्न खोजेको हुन सक्ने बताएका छन् ।

यस भ्रमणको अर्को महत्त्वपूर्ण पक्ष भने उत्तर कोरियाको आणविक कार्यक्रमबारे सार्वजनिक मौनता रह्यो । गत महिना ट्रम्पसँगको वार्तापछि ह्वाइट हाउसले उत्तर कोरियाको आणविक निशस्त्रीकरण दुवै पक्षको साझा लक्ष्य भएको जनाएको थियो । तर सी-किम शिखर वार्ताबारे चीन र उत्तर कोरियाका सरकारी सञ्चारमाध्यमले प्रकाशित गरेका विवरणमा आणविक निशस्त्रीकरणको कुनै उल्लेख गरिएको छैन ।

विश्लेषकहरूले यसलाई बेइजिङले उत्तर कोरियाको आणविक हैसियतलाई व्यावहारिकरूपमा स्वीकार गरिरहेको संकेतका रूपमा व्याख्या गरेका छन् । किम जोङ उनले पटक-पटक उत्तर कोरियाले आफ्नो आणविक हतियार कार्यक्रम नत्याग्ने बताउँदै आएका छन् । भ्रमणअघि उनकी बहिनी किम यो जोङले पनि उक्त कार्यक्रम उत्तर कोरियाको 'कुनै सम्झौता नहुने सीमा' भएको बताएकी थिइन् ।

यद्यपि पछिल्ला वर्षहरूमा उत्तर कोरिया रुसतर्फ बढी झुकेको देखिए पनि चीन अझै पनि उसको सबैभन्दा ठूलो आर्थिक साझेदार बनेको छ । युक्रेन युद्धमा सहयोगस्वरूप सैनिक र हतियार पठाएर प्योङयाङले मस्कोसँगको सम्बन्ध बलियो बनाएको छ । तर अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण दबाबमा रहेको उत्तर कोरियाली अर्थतन्त्रका लागि चीन मुख्य आर्थिक आधारका रूपमा कायम छ ।

दक्षिण कोरियाको अर्थ तथा वित्त मन्त्रालयका अनुसार सन् २०२४ मा उत्तर कोरियाको कूल वैदेशिक व्यापारको करिब ९८ प्रतिशत अर्थात् दुई अर्ब ६० करोड अमेरिकी डलरबराबरको व्यापार चीनसँग भएको थियो । यसले उत्तर कोरियामाथि चीनको आर्थिक प्रभाव अझै निर्णायक रहेको देखाउँछ । *रासस/एएफपी*

# विश्वकपअघि भिसा विवाद

**वासिङ्टन–** आगामी विश्वकप फुटबल प्रतियोगिताको तयारी भइरहेका बेला संयुक्त राज्य अमेरिकाले केही विदेशी अधिकारीलाई भिसा नदिएको विषय विवादको केन्द्रमा पुगेको छ । ह्वाइट हाउसको विश्वकप टास्क फोर्सले भने सुरक्षा कारण देखाउँदै सोमाली रेफ्री र इरानी टोलीका केही सहयोगी कर्मचारीलाई प्रवेश अनुमति नदिने निर्णय उचित भएको स्पष्ट पारेको छ ।






विश्वकपसम्बन्धी ह्वाइट हाउस टास्क फोर्सका कार्यकारी निर्देशक एण्ड्र्यु गियुलियानीले मंगलबार वासिङ्टनमा आयोजित एटलान्टिक काउन्सिलको कार्यक्रममा अहिलेसम्म ३५ वटा राष्ट्रिय टोली सफलतापूर्वक अमेरिका प्रवेश गरिसकेको जानकारी दिए । उनले कुनै पनि खेलाडी वा प्रशिक्षकलाई प्रवेशबाट रोकिएको नभएको उल्लेख गर्दै केही अधिकारीलाई मात्र विशेष सुरक्षा कारणका आधारमा भिसा अस्वीकार गरिएको बताए ।

गियुलियानीका अनुसार विश्वकपजस्तो अन्तर्राष्ट्रिय प्रतियोगिताको अवसरलाई दुरूपयोग गरेर अमेरिका प्रवेश गर्ने सम्भावित जोखिम रोक्न प्रशासनले कडा सतर्कता अपनाएको छ । उनले सुरक्षा र खेलकुदबीच आवश्यक सन्तुलन कायम गरिएको बताए । अमेरिकी विदेश मन्त्रालयका एक अधिकारीले एएफपीसँगको कुराकानीमा सोमाली रेफ्री ओमार आर्टानलाई भिसा नदिइएको पुष्टि गर्दै उनमाथि आतंकवादी संगठनसँग सम्बन्धित व्यक्तिहरूसँग सम्पर्क रहेको आशंका रहेको दाबी गरे । यही कारणले उनी अमेरिकी अध्यागमन नियमअनुसार प्रवेशका लागि अयोग्य ठहरिएको अधिकारीको भनाइ थियो ।

सन् २०२५ मा अफ्रिकी फुटबल महासंघले वर्षको उत्कृष्ट पुरुष रेफ्री घोषणा गरेका आर्टान विश्वकपमा रेफ्री गर्ने पहिलो सोमाली बन्ने अपेक्षा गरिएको थियो । तर उनलाई अमेरिका पुगेपछि मियामी विमानस्थलबाटै फर्काइएको थियो । सोमालिया हाल राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले लागू गरेको यात्रा प्रतिबन्ध सूचीमा समावेश देशमध्ये एक हो । ट्रम्प प्रशासनले यो नीतिलाई व्यापक आप्रवासन नियन्त्रण अभियानको हिस्सा बताउँदै आएको छ ।

यसैबीच, संयुक्त राज्य अमेरिकासँग जारी तनाव र सैन्य द्वन्द्वका कारण इरानले आफ्नो विश्वकप तयारीको आधार शिविर अमेरिका नभई मेक्सिकोमा सार्नुपरेको छ । इरानी फुटबल महासंघले समर्थकहरूका लागि छुट्याइएको टिकट कोटा रद्द गरिएको तथा टोलीका केही सहयोगी कर्मचारीले भिसा नपाएको जनाएको छ ।

गियुलियानीले भने सबै इरानी प्रशिक्षक र कोचिङ स्टाफलाई प्रवेश अनुमति दिइएको बताए । यद्यपि, केही इरानी अधिकारीलाई सुरक्षा मूल्यांकनका आधारमा अनुमति नदिइएको उनले बताए । उनले ती व्यक्तिबारे विस्तृत जानकारी दिन अस्वीकार गर्दै आफूलाई प्रशिक्षक बताउने केही व्यक्तिको वास्तविक भूमिका फरक हुनसक्ने आशंका रहेको संकेत गरे ।

उनका अनुसार राष्ट्रपति ट्रम्पले प्रतियोगितामा सहभागी सबै टोलीका लागि समान अवसर सुनिश्चित गर्न चाहन्छन् । साथै, इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) सँग प्रत्यक्ष सम्बन्ध रहेका व्यक्तिले विश्वकपको अवसर प्रयोग गरेर अमेरिका प्रवेश गर्न नसकून् भन्ने विषयमा पनि प्रशासन सचेत रहेको उनको भनाइ थियो ।

विश्वकप सुरक्षाबारे बोल्दै गियुलियानीले हालसम्म प्रतियोगितालाई लक्षित कुनै विश्वसनीय सुरक्षा खतरा नदेखिएको बताए । तथापि अमेरिकी गुप्तचर तथा सुरक्षा निकायको सक्रियता उल्लेखनीयरूपमा बढाइएको र प्रतियोगिताको अन्तिम खेल जुलाई १९ सम्म सुरक्षा अवस्थामाथि निरन्तर निगरानी जारी रहने उनले जानकारी दिए । *रासस/एएफपी*

# मध्यपूर्वमा फेरि तनाव

दुबई- अमेरिका र इरानबीचको तनाव फेरि चर्किंदा मध्यपूर्वमा सैन्य गतिविधि तीव्र बनेको छ । अमेरिकी हेलिकप्टर दुर्घटनाका लागि तेहरानलाई जिम्मेवार ठहराउँदै अमेरिकाले बुधबार बिहान इरानका विभिन्न सैन्य संरचनामाथि हवाई आक्रमण गरेको छ भने त्यसको जवाफमा इरानले बहराइन, कुवेत र जोर्डनस्थित अमेरिकी लक्ष्य तथा सैन्य संरचनालाई लक्षित गर्दै क्षेप्यास्त्र प्रहार गरेको जनाएको छ ।

इरानी आक्रमणका क्रममा जोर्डनस्थित मुवाफाक सल्टी एयर बेसतर्फ प्रक्षेपण गरिएका पाँचवटा क्षेप्यास्त्र जोर्डनको हवाई प्रतिरक्षा प्रणालीले खसालेको जनाएको छ। उक्त सैन्य अड्डामा अमेरिकी एफ-३५ लडाकु विमानसहित अन्य सैन्य उपकरण तैनाथ छन् । जोर्डनको सरकारी समाचार संस्था पेट्राका अनुसार घटनामा कुनै मानवीय क्षति भएको छैन र खसेका क्षेप्यास्त्रका भग्नावशेषबारे अनुसन्धान भइरहेको छ ।

यसै क्रममा इरानले बहराइन र कुवेततर्फ पनि आक्रमण गरेको दाबी गरिएको छ । ती दुवै देशले सम्भावित जोखिमलाई ध्यानमा राख्दै हवाई सुरक्षा प्रणाली सक्रिय पारेका थिए । यी घटनालाई विश्लेषकहरूले युद्धविरामपछि पुनः बढ्दो सैन्य टकरावको संकेतका रूपमा हेरेका छन् ।

अमेरिकी सेनाको सेन्ट्रल कमाण्डका अनुसार अमेरिकी वायुसेना र नौसेनाका लडाकु विमानहरूले इरानका हवाई प्रतिरक्षा प्रणाली, नियन्त्रण केन्द्र तथा निगरानी राडार संरचनालाई लक्षित गरी कारबाही सञ्चालन गरेका हुन् । इरानले बन्दर अब्बास र केशम टापु आसपासका क्षेत्रमा आक्रमण भएको स्वीकार गरे पनि क्षतिको विवरण सार्वजनिक गरेको छैन ।

अमेरिकाले यो कारबाहीलाई आफ्ना सैनिक तथा अन्तर्राष्ट्रिय व्यापारिक जलमार्गमा हालै भएका आक्रमणको 'समानुपातिक प्रतिक्रिया' भनेको छ । तर इरानले यसलाई अस्वीकार गर्दै विदेशी सैन्य उपस्थितिलाई नै क्षेत्रीय अस्थिरताको मुख्य कारण बताएको छ ।

इरानी विदेशमन्त्री अब्बास अराघचीले आफ्नो देशमाथि हुने कुनै पनि आक्रमण वा धम्कीको जवाफ दिइने चेतावनी दिएका छन् । उनले सामाजिक सञ्जालमार्फत क्षेत्र नजिक रहेका विदेशी सैन्य बल निरन्तर जोखिममा रहेको उल्लेख गर्दै थप आक्रमण भए प्रतिकार गर्ने स्पष्ट संकेत गरे ।

यसअघि एक अमेरिकी एएच-६४ अपाचे आक्रमण हेलिकप्टर हर्मुज जलघाँटी नजिक दुर्घटनाग्रस्त भएको थियो । अमेरिकी अधिकारीहरूका अनुसार हेलिकप्टर र इरानी ड्रोनबीच ठक्कर भएपछि दुर्घटना भएको आशंका गरिएको छ । यद्यपि यो घटना नियोजित थियो वा थिएन भन्ने विषय अझै स्पष्ट भइसकेको छैन र अनुसन्धान जारी रहेको बताइएको छ ।

दुर्घटनापछि अमेरिकी सेनाले पहिलोपटक समुद्री ड्रोनको प्रयोग गरी उद्धार अभियान सञ्चालन गरेको जनाएको छ । स्थानीय समयअनुसार बिहान करिब साढे तीन बजे दुर्घटनाग्रस्त हेलिकप्टरका दुई चालक दल सदस्यलाई ड्रोनमार्फत सुरक्षित स्थानमा पुऱ्याइएपछि हेलिकप्टरबाट उद्धार गरिएको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुवै सैनिक सुरक्षित रहेको जानकारी दिएका छन् ।

विश्लेषकहरूका अनुसार हर्मुज जलघाँटी क्षेत्रमा अमेरिकी सैन्य गतिविधि बढेसँगै अपाचे हेलिकप्टरहरू इरानी तेल ढुवानीमाथि निगरानी तथा नाकाबन्दी कार्यान्वयनमा महत्त्वपूर्ण साधन बनेका छन् । संयुक्त अरब इमिरेट्सले पनि इरानी ड्रोन रोक्न यस्ता हेलिकप्टर प्रयोग गर्दै आएको छ ।

युद्धविराम कायम राख्ने प्रयास भइरहेका बेला पछिल्ला घटनाले कूटनीतिक प्रयासलाई थप जटिल बनाएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले इरानसँग सम्भावित सम्झौताबारे आशावादी रहेको बताएका छन् । यद्यपि उनले त्यसको आधार खुलाएका छैनन् । पाकिस्तानको मध्यस्थतामा पछिल्ला केही सातादेखि वार्ता अगाडि बढाउने प्रयास भइरहे पनि अमेरिका र इरान दुवैले आफ्ना अडान नरम बनाएका छैनन् । अमेरिकाले इरानसँग रहेको उच्च प्रशोधित युरेनियमको मौज्दात त्याग्नुपर्ने माग राख्दै आएको छ भने इरानले प्रतिबन्ध हटाउन र रोक्का गरिएका सम्पत्ति फुकुवा गर्नुपर्ने अडान दोहोऱ्याएको छ ।

यसैबीच, इजरायल र इरान समर्थित हिजबुल्लाहबीच लेबनानमा जारी संघर्षले पनि क्षेत्रीय तनाव बढाइरहेको छ। लेबनानी सेना प्रमुख जनरल रोडोल्फ हेकल मंगलबार पाकिस्तान पुगेका छन् । त्यहाँ उनले पाकिस्तानका सेना प्रमुख फिल्ड मार्सल असीम मुनीरसँग भेटवार्ता गरेको बताइएको छ । क्षेत्रीय स्थायित्व र इरानसँगको सम्बन्ध सुधारका सम्भावित उपायबारे छलफल भएको अनुमान गरिएको छ ।

फेब्रुअरी २८ मा सुरु भएको अमेरिका-इजरायल र इरानबीचको युद्धले विश्व ऊर्जा बजार, अन्तर्राष्ट्रिय व्यापार तथा खाद्यान्न मूल्यमा व्यापक असर पारेको छ । अप्रिलमा भएको युद्धविरामपछि तनाव केही मत्थर भए पनि पछिल्ला सैन्य गतिविधिले मध्यपूर्व फेरि अस्थिरतातर्फ धकेलिने चिन्ता बढाएको छ । *रासस/एपी*

# फिलिपिन्समा भूकम्पमा परी मृत्यु हुनेको संख्या ४५ जना पुग्यो, १७ अझै बेपत्ता

**मनिला (फिलिपिन्स)–** फिलिपिन्सको मिण्डानाओको दक्षिणी तटमा सोमबार आएको ७.८ म्याग्निच्युडको भूकम्पका कारण कम्तीमा ४५ जनाको मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद् (एनडिआरआरएमसी)ले बुधबार जनाएको छ। एनडिआरआरएमसीका अनुसार अझै १७ जना बेपत्ता रहेका छन् भने ४८७ घाइते भएका छन् ।

एनडिआरआरएमसीले भूकम्पका कारण ३३ हजारभन्दा बढी घरपरिवारका लगभग एक लाख ५० हजार मानिसलाई असर गरेको बताएको छ । भूकम्पले अस्पताल, विद्यालय र पुललगायतका २३८ वटा पूर्वाधार सुविधाहरू क्षतिग्रस्त भएको एनडिआरआरएमसीले जनाएको छ ।



मिण्डानाओको अधिकांश भाग र कम्पन महसुस गरिएको र मुख्य मध्य फिलिपिन्सका केही भागहरूमा झट्कापछि १७०० भन्दा बढी परकम्पहरू रेकर्ड गरिएको जनाएको छ भने प्रभावित क्षेत्रहरूमा खोजी तथा उद्धार कार्य अझै जारी रहेको जनाइएको छ । भूकम्पले हताहत, विस्थापन र पूर्वाधारको क्षतिको सन्दर्भमा सबैभन्दा बढी प्रभावित क्षेत्रहरू सारंगनी र दक्षिण कोटाबातो प्रान्तहरू हुन्, जसमा लगभग सात लाख जनसंख्या रहेको, एनडिआरआरएमसीले जनाएको छ ।

फिलिपिन्स इन्स्टिच्युट अफ भोल्कानोलोजी एण्ड सिसमोलोजीका अनुसार स्थानीय समयअनुसार विहान ७:३७ मा ३३ किलोमिटर गहिराइमा भूकम्प गएको थियो जसको केन्द्र-बिन्दु मिन्दानाओ टापुको सारंगनी प्रान्तको मासिम सहरको तटबाट ३२ किलोमिटर दक्षिणपश्चिममा रहेको थियो । *रासस/सिन्ह्वा*

**साउदी/कतारमा रोजगार**

कम्पनी : ABDUALAZIZ MUSA AL ZAHER CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343262 | चलानी नं. ६०२५६५८९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1100 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUALAZIZ MUSA AL ZAHER CONTRACTING COMPANY — For Contact : 9851152340

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343261 | चलानी नं. ६०२५६५८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 30 | 0 | 1100 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : NAAZ SUPERSTAR TRADING — For Contact : 9801168467

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343282 | चलानी नं. ६०२५६५९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Service | 1 | 0 | 2500 | १०४,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1800 | ७५,२५० | | | | | | | |
| 3 | Foreman | 2 | 0 | 2800 | ११७,०६० | | | | | | | |
| 4 | General Supervisor | 1 | 0 | 2800 | ११७,०६० | | | | | | | |
| 5 | Marketing Represnt | 1 | 0 | 2400 | १००,३३५ | | | | | | | |
| 6 | Office Cleaner | 3 | 0 | 1300 | ५४,३५० | | | | | | | |
| 7 | Represantative | 1 | 0 | 2500 | १०४,५१५ | | | | | | | |
| 8 | Representative | 1 | 0 | 2500 | १०४,५१५ | | | | | | | |
| 9 | Salesman (Female) | 0 | 4 | 1600 | ६६,८९० | | | | | | | |
| 10 | Service Agents | 1 | 0 | 1300 | ५४,३५० | | | | | | | |
| 11 | Supervisor | 2 | 2 | 2800 | ११७,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असार ४ गते (18th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम ईजाजत नं. ८३३/०६६/०६७

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९१८०० | प्रति तोला – ० | प्रति तोला – ४७४० |



**रोपाइँ तयारी** | लमजुङको मध्यनेपाल नगरपालिका वडा नं ६, कालीरहस्थित खेतमा रोपाइँ गर्न धानको बीउ काढ्दै किसान ।

*तस्बिरः देवेन्द्र गुरुङ/रासस*

## श्रमबजारका चुनौती सामना गर्न नीतिगत लचकतामा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका एसोसिएट उपाध्यक्ष प्रवलजंग पाण्डेले श्रमबजारका विद्यमान परिवर्तन र चुनौतीको सामना गर्न व्यावहारिक नीतिगत लचकता, उद्यम उत्पादकत्व वृद्धि र सुदृढ त्रिपक्षीय सहकार्यको आवश्यकतामा जोड दिएका छन् ।

स्वीट्जरल्याण्डको जेनेभामा आयोजित अन्तरराष्ट्रिय श्रम संगठन (आइएलओ) को ११४औँ सत्रलाई नेपालको रोजगारदाता परिषद्कोतर्फबाट मंगलबार सम्बोधन गर्दै उपाध्यक्ष पाण्डेले नेपाल हाल महत्वपूर्ण आर्थिक सङ्क्रमणको चरणबाट गुज्रिरहेको उल्लेख गरे । विश्वभरका प्रतिनिधिहरू, विशिष्ट व्यक्तित्व तथा सामाजिक साझेदारमाझ आफ्नो मन्तव्य राख्नुहुँदै उनले सरकारले सुशासन, लगानी प्रवर्द्धन तथा पूर्वाधार विकासमा प्रतिबद्धता देखाए पनि आन्तरिक बजारमा सुस्त आर्थिक वृद्धि, सीमित औद्योगिक विकास र बढ्दो व्यावसायिक लागतजस्ता चुनौती कायमै रहेको बताए ।

'नेपालको युवा जनशक्ति रोजगारीका लागि निरन्तर वैदेशिक गन्तव्यतर्फ पलायन भइरहेको छ । यो चिन्ताको विषय हो', उपाध्यक्ष पाण्डेले भने, 'लगानीमैत्री नीति, सीप विकास र शिक्षालाई श्रम बजारको वास्तविक मागसँग जोडेर स्वदेशमै मर्यादित एवं उत्पादकमूलक रोजगारीका अवसर सिर्जना गर्नुपर्दछ ।'

परिवर्तित विश्वपरिवेश र डिजिटल अर्थतन्त्रको चर्चा गर्नुहुँदै उपाध्यक्ष पाण्डेले नेपालमा पनि अनलाइन व्यवसाय, राइड-शेयरिङ र डेलिभरी प्लेटफर्मजस्ता डिजिटल सेवामा युवाको संलग्नता तीव्र रूपमा बढिरहेको बताए । यसले उद्यमशीलताका नयाँ अवसर ल्याए पनि श्रम मापदण्ड र सामाजिक सुरक्षाका विषयमा नयाँ बहस सिर्जना गरेको उनको भनाइ थियो ।

नेपालजस्ता विकासशील देशलाई कठोर विश्वव्यापी मापदण्ड थोपर्नुको सट्टा आफ्नो राष्ट्रिय यथार्थ, संस्थागत क्षमता र आर्थिक अवस्थाअनुरूप श्रम सुधार एवं कानुनी व्यवस्था लागू गर्न आवश्यक लचकता दिनुपर्नेमा उपाध्यक्ष पाण्डेको जोड थियो । उनले नेपाली रोजगारदाताका तर्फबाट अघि सारिएका प्रमुख प्राथमिकता र कार्यान्वयन भइरहेका प्रयासको विवरण प्रस्तुत गरे ।

राष्ट्रिय व्यावसायिक सुरक्षा तथा स्वास्थ्य कार्ययोजना लागू भएपश्चात् रोजगारदातामा सुरक्षित र स्वस्थ कार्यस्थल सामाजिक जिम्मेवारी मात्र नभई उत्पादकत्व, दिगोपन तथा व्यावसायिक प्रतिस्पर्धात्मकताका लागि अपरिहार्य तत्व रहेको चेतना बढेको बताए । यसअन्तर्गत चिया र अलैंचीजस्ता क्षेत्रमा विशेष निर्देशिका निर्माण गरी प्रारम्भिक कार्य सुरु भइसकेको उनले जानकारी दिए ।

यसका साथै, महासंघले छनोट गरिएका उद्योगमा 'केयर मोडल' को पाइलट प्रोजेक्ट सफलतापूर्वक सुरु गरिसकेको भन्दै उपाध्यक्ष पाण्डेले विशेषगरी महिलाका लागि रोजगारीका अवसर सिर्जना गर्न र कार्यस्थलमा सामाजिक समावेशीकरण तथा सामुदायिक कल्याण बढाउन ठूलो सहयोग पुऱ्याउने विश्वास व्यक्त गरे ।

बाढी, पहिरो र मौसम परिवर्तनका कारण उद्योग, कृषि तथा जीविकोपार्जनमा परेको गम्भीर असरलाई मध्यनजर गर्दै उपाध्यक्ष पाण्डेले कार्यस्थलको भविष्यसम्बन्धी विश्वव्यापी छलफलमा हरित रोजगारी र जलवायु जोखिममा रहेका नेपालजस्ता मुलुकलाई प्राविधिक सहयोग गर्ने विषय समेटिनुपर्नेमा जोड दिए ।

## एमसिए-नेपालका दुई नयाँ सबस्टेसन र प्रसारणलाइन निर्माण सुरु

■ प्रभाव संवाददाता

**नुवाकोट–** मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समितिले आज मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजनाअन्तर्गत रातमाटे सबस्टेशन र नयाँ दमौली सबस्टेशन तथा २९७ किलोमिटर लामो विद्युत् प्रसारण लाइनको निर्माण कार्य औपचारिक रूपमा थालनी गरेको छ ।

संयुक्त राज्य अमेरिकाबाट प्राप्त ५५ करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९.७० करोड अमेरिकी डलर लगानीमा भइरहेको यस ऐतिहासिक साझेदारीले अन्तरराष्ट्रियस्तरको विद्युत् प्रसारण पूर्वाधार निर्माण र महत्त्वपूर्ण सडक सञ्जालको स्तरोन्नति कार्य गरिरहेको छ । नेपाल सरकारका वरिष्ठ अधिकारीहरू, एमसीसी तथा अमेरिकी दूतावासका प्रतिनिधिहरू, विकास साझेदारहरू, निर्माण व्यवसायीहरू, स्थानीय सरोकारवालागायतको सामुदायिक अगुवाहरूको सहभागितामा सो कार्यको सुरुआत भएको हो ।

नेपाल र संयुक्त राज्य अमेरिकाको संयुक्त लगानी रहेको एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रमको विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीन वटा उच्च क्षमतायुक्त ४०० केभी सबस्टेशन तथा ३१५ किलोमिटर प्रसारण लाइन निर्माण हुँदैछ । यस पूर्वाधारले नेपालको राष्ट्रिय विद्युत् ग्रीडलाई सदृढ पार्नुका साथै प्रसारण अवरोध न्यूनीकरण गर्नेछ । घरपरिवार र व्यवसायका लागि विद्युत् आपूर्तिको भरपर्दोपनामा सुधार गर्नेछ भने क्षेत्रीय विद्युत् बजारमा नेपालको बृहत् सहभागिता गराउन सघाउने विश्वास लिइएको छ । बुधबार शिलान्यास गरिएको २९७ किमि लामो प्रसारण लाइन सञ्जालमा लप्सीफेदी-रातमाटे-न्यू हेटौंडा प्रसारण लाइन खण्ड, रातमाटे-न्यू दमौली प्रसारण लाइन खण्ड र न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन खण्ड रहेका छन् ।

'नेपाल सरकारले यो आयोजनालाई देशको आर्थिक भविष्यका लागि गरिएको महत्वपूर्ण लगानीका रूपमा आत्मसात् गरेको छ', नेपाल सरकारका अर्थ सचिव तथा एमसिए-नेपाल सञ्चालक समितिका अध्यक्ष डा. घनश्याम उपाध्यायले भने । उनले थपे, 'ऊर्जा सुरक्षा सुनिश्चित गर्न, लगानी र औद्योगिक विस्तार प्रवर्द्धन गर्न र नेपालको ऊर्जा सम्भाव्यताबाट अधिकतम लाभ प्राप्त गर्न विद्युत् प्रसारण पूर्वाधारलाई सुदृढ पार्नु आवश्यक छ ।'



नेपालका लागि अमेरिकी कार्यवाहक राजदूत स्कट अर्बमले नेपालसँग संयुक्त राज्य अमेरिकाको लामो समयदेखिको साझेदारी र एमसिसी नेपाल कम्प्याक्टप्रतिको प्रतिबद्धतालाई पुनःपुष्टि गर्दै भने, 'यस कम्प्याक्टमार्फत हामी नेपालको ऊर्जा भविष्यको मेरुदण्ड निर्माण गर्दैछौं । भरपर्दो बिजुली देशका कुना कुनाका साथै सीमापारसमेत प्रवाहित हुनेछ । घरपरिवारका लागि यसको अर्थ निरन्तर बल्ने बिजुली हुनेछ भने कारखाना तथा कृषिका लागि यसको अर्थ उत्पादन अभिवृद्धिका लागि ऊर्जाको अनवरत उपलब्धता हुनेछ । नेपाली व्यवसायहरूको विस्तारका लागि यसले नयाँ क्षितिजहरू उघार्नेछ ।'

एमसिसीका आवासीय राष्ट्रिय निर्देशक डायन फ्रान्सिस्कोले नेपालको आर्थिक वृद्धि र क्षेत्रीय ऊर्जा एकीकरणको दीर्घकालीन महत्वमाथि जोड दिँदै भने, 'यी लगानीले घरपरिवार, व्यवसाय र उद्योगका लागि भरपर्दो बिजुली आपूर्ति गर्न आवश्यक प्रसारण प्रणालीलाई सुदृढ बनाएर नेपालको ऊर्जा क्षेत्रको पूर्ण सम्भाव्यता उपयोग गर्न मद्दत गर्नेछ । एमसीसी यस रूपान्तरणकारी पूर्वाधार निर्माण पहलमा नेपालसँग साझेदारी गर्न पाउँदा गौरवान्वित छ ।'

समारोहमा नेपाल विद्युत् प्राधिकरणका कार्यवाहक कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले भने, 'एमसीसी नेपाल कम्प्याक्टअन्तर्गत निर्माण भइरहेका यी पूर्वाधार कुनै छुट्टै प्रणाली नभई नेपालको राष्ट्रिय प्रसारण सञ्जालकै महत्वपूर्ण विस्तार हुन् ।'

एमसिए-नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले भने, 'नेपालको ऊर्जा पूर्वाधार विकासका सन्दर्भमा आजको दिन एउटा कोशेढुंगाका रूपमा स्थापित हुँदैछ । निर्माणाधीन सशक्त, थप भरपर्दो र नवीन विद्युत् प्रसारण सञ्जालले नेपालीलाई लामो समयसम्म लाभान्वित गर्नेछ भने नेपाललाई क्षेत्रीय ऊर्जा बजारमा एक प्रमुख पक्षका रूपमा स्थापित गर्नेछ ।' उनले यो आयोजनाले विद्युत् प्रसारण अवरोधहरू न्यूनीकरण गर्नुका साथै नेपाल र यस क्षेत्रबीचको सन्निकटतामा वृद्धि गर्ने पनि उल्लेख गरे ।

सबस्टेशन तथा प्रसारण लाइन निर्माण कार्यमा चार निर्माण कम्पनी सलग्न रहेका छन् । टेक्नो इलेक्ट्रिक एण्ड इन्जिनियरिङ कम्पनी लिमिटेडले रातमाटे र न्यू दमौली सबस्टेशन निर्माण गर्दैछ भने आशिष-बोम्लर संयुक्त उपक्रमले ११७ किमि लामो लप्सीफेदी-रातमाटे-न्यू हेटौंडा प्रसारण लाइन खण्ड, र एञ्जेलिक-स्किपर संयुक्त उपक्रमले ९० किमि लामो रातमाटे-न्यू दमौली प्रसारण लाइन खण्ड र वाइबा-सालसर संयुक्त उपक्रमले ९० किमि लामो न्यू दमौली-न्यू बुटवल प्रसारण लाइन खण्ड निर्माण गर्दैछन् ।

निर्माण सम्पन्न भएपछि रातमाटे सबस्टेशन र न्यू दमौली सबस्टेशन नेपालका सबैभन्दा ठूला उच्च-भोल्टेज क्षमताका सबस्टेशनमध्येका हुनेछन् । यी सबस्टेशन तथा प्रसारण लाइन पूर्वाधारले नेपालको विद्युत् प्रसारण सञ्जाललाई सदृढ बनाउनुका साथै दीर्घकालीन ऊर्जा मागलाई सम्बोधन गर्न र आर्थिक वृद्धिलाई तीव्रता दिन सहयोग गर्नेछन् ।

## सोफिया बनिन् टेकस्किल्स आइटी स्कलरसिप विजेता

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोफिया तामाङले टेकस्किल्स आइटी स्कलरसिप ग्राण्ड फिनाले २०२६ को उपाधि जितेकी छन् । भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा बुधबार आयोजित ग्राण्ड फिनाले कार्यक्रममा उनले उत्कृष्ट प्रदर्शन गर्दै विजेता बन्न सफल भएकी हुन् ।



प्रतियोगिताको अन्तिम चरणमा पुगेका छ जना प्रतिस्पर्धीबीच विभिन्न सूचना प्रविधि (आइटी) सम्बन्धी चुनौतीपूर्ण कार्यहरूमा आधारित प्रतिस्पर्धा भएको थियो । ती प्रतिस्पर्धामध्ये उत्कृष्ट प्रदर्शनका आधारमा सोफिया विजेता घोषित भएकी हुन् ।

प्रतियोगितामा प्रार्थना मिश्रा प्रथम उपविजेता तथा विवेक अधिकारी द्वितीय उपविजेता घोषित भए । विजेता सोफियाले एक लाख रूपैयाँसहित अस्ट्रेलियन मापदण्डअनुसारको रोजगारी सुनिश्चित गर्ने अवसर प्राप्त गरिन् । त्यस्तै, प्रथम उपविजेता प्रार्थना मिश्राले ५० हजार रूपैयाँसहित अस्ट्रेलियन मापदण्डअनुसारको रोजगारी सुनिश्चित गर्ने अवसर प्राप्त गरिन् ।

कार्यक्रमका प्रमुख अतिथि रायन ओ कोनेलले नेपाली युवाहरूमा बढ्दो सूचना प्रविधि प्रतिभा र अन्तर्राष्ट्रियस्तरको सीप विकासको आवश्यकताबारे धारणा राखेका थिए । उनले विश्वव्यापी प्रतिस्पर्धामा सफल हुन प्राविधिक दक्षता र व्यावसायिक सीपको महत्त्व बढ्दै गएको उल्लेख गरे । विशेष अतिथि रञ्जन राजाले साइबर सुरक्षा तथा डिजिटल सचेतनाको महत्त्वबारे प्रकाश पार्दै डिजिटल युगमा सुरक्षित प्रविधि प्रयोगको आवश्यकता औंल्याएका थिए ।

कार्यक्रम बिराज भडेलको नेतृत्वमा सम्पन्न भएको थियो । उनले नेपाली विद्यार्थी तथा युवाहरूलाई अन्तरराष्ट्रियस्तरको सीप, रोजगारीका अवसर तथा करियर मार्गदर्शन उपलब्ध गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए ।

ग्राण्ड फिनालेमा विजेता तथा उत्कृष्ट प्रतिस्पर्धीहरूलाई पुरस्कार, प्रमाणपत्र र सम्मान प्रदान गरिएको थियो । कार्यक्रमले नेपाली युवाहरूलाई विश्वस्तरीय सूचना प्रविधि सीप विकास, करियर निर्माण तथा अन्तर्राष्ट्रिय रोजगारीको तयारीतर्फ प्रेरित गर्ने प्रभावकारी मञ्चका रूपमा आफ्नो छाप छोड्न सफल भएको आयोजकले जनाएको छ ।

## एनसेल डाटा सेन्टरलाई एएनएसआई टिआइए-९४२-सी प्रमाणीकरण

**काठमाडौं (प्रस)–** एनसेल बिजनेसले नख्खु, ललितपुरमा सञ्चालनमा रहेको आफ्नो अत्याधुनिक डाटा सेन्टरले विश्व प्रतिष्ठित 'एएनएसआई/टीआईए-९४२-सी रेटेड ३ डिजाइन एन्ड कन्स्ट्रकटेड फसिलिटी सर्टिफिकेशन' को प्रमाणिकरण पाएको घोषणा गरेको छ ।

यो अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त टीएर थ्री प्रमाणीकरणले एनसेल डाटा सेन्टरको विश्वसनीयता, सुरक्षा र गुणस्तरका उच्च मापदण्डहरूलाई थप उजागर गर्दछ । इन्टिग्रेटेड डाटा सेन्टरका रूपमा समेत चिनिएको यो डाटा सेन्टर सरकारद्वारा सुचिकृत भएको नेपालकै पहिलो डाटा सेन्टर तथा क्लाउड सेवा पनि हो ।

यो प्रमाणीकरणले एनसेल डाटा सेन्टरको डिजाइन रेटिङ थ्री को मापदण्डअनुसार रहेको पुष्टि गर्दछ, जसले अत्यावश्यक र सम्वेदनशील कार्य सञ्चालन गर्नका लागि समानान्तर रूपमा मर्मत गर्न सकिने उच्च उपलब्धता, उच्च अतिरिक्तता र प्रतिकूलताबाट छिट्टै उठ्ने क्षमताका पुर्वाधार उपलब्ध रहेको सुनिश्चित गर्दछ । अधिकतम अपटाइमका लागि डिजाइन गरिएको यो डाटा सेन्टर पुर्वनिर्धारित मर्मत वा आकस्मिक घटनाहरूको समयमा पनि बिना कुनै अवरोध सञ्चालनमा रहन सक्षम छ, र पूर्ण रूपमा अतिरिक्त विद्युत आपुर्ति, कुलिङ तथा नेटवर्क प्रणालीमार्फत लगभग ९९.९८२ प्रतिशत उपलब्ध रहन्छ ।

यो मूल्यांकन तथा प्रमाणीकरण टेलिकम्युनिकेशन इन्डष्ट्री एसोसिएसन (टीआईए)बाट अधिकार प्राप्त अडिट र प्रमाणीकरण गर्ने संस्था डाटा सेन्टर मिडिया एलएलपीले गरेको हो ।

एनसेल डाटा सेन्टरले सूचना सुरक्षा र गोपनीयता सम्बन्धी उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासका लागि आईएसओ २७००१ र आइएसओ २७७०१ मान्यता पनि प्राप्त गरिसकेको छ, जसले सुशासन, डाटा संरक्षण अनि जोखिम व्यवस्थापन प्रक्रियाहरूलाई थप बलियो बनाउँछ । यसका साथै एनसेलले आईएसओ ९००१ र १४००१ मान्यता पनि प्राप्त गरिसकेको छ । यसले कम्पनी सधैं उच्च गुणस्तरीय सेवा प्रदान गर्न तथा वातावरणीय प्रभावलाई न्यूनतम राख्न सधैं प्रतिबद्ध रहेको स्पष्ट पार्दछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ